कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

विषयः भूमि व्यवस्था, कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन एकिकृत कार्यविधि, २०७७ स्वीकृति सम्वन्धमा ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
क०. ला प्रदेश, सुर्खेत
प्रस्ताव दर्ता नं : ५१२
प्रस्ताव दर्ता मितिः २०७७।५।१२

प्रस्ताव पेश गर्ने विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मितिः २०७७।०५।११

१. विषयको संक्षिप्त व्यहोराः

आर्थिक वर्ष २०७७/२०७८ को स्विकृत वार्षिक कार्यक्रम अन्तर्गत भूमि व्यवस्थापन, कृषि, पशुपंक्षीपालन र सहकारी क्षेत्रको विकास तथा उत्पादकत्व वृद्धी एंव गरीवी निवारणको लागि उपलब्ध गराई बजेट, अनुदान र गरिने खर्चलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, अनुमानयोग्य तथा प्रतिफलमा आधारित वनाउन आवश्यक भएको ।

२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुराः

कर्णाली प्रदेश विनियोजन ऐन, २०७७ को दफा ९ को उपदफा (१) मा यो ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्ने व्यवस्था रहेको।

आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. ६७, मिति २०७७/०५/०२ को पत्रबाट प्रस्तावित कार्यविधि कर्णाली प्रदेश सरकार मन्त्रीपरिषद्‌मा स्वीकृतिका लागि पेश गर्न सहमति प्राप्त भएको।(पत्रको छाँयाकपी संलग्न छ)

आन्तरिक मामिला तथा कानून मन्त्रालयको च.नं. ०५, मिति २०७७/०४/३० को पत्रबाट प्रस्तावित कार्यविधि कर्णाली प्रदेश सरकार मन्त्रीपरिषद्‌मा स्वीकृतिका लागि पेश गर्न सहमति प्राप्त भएको।(पत्रको छाँयाकपी संलग्न छ)

३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र मन्त्रालयको सिफारिसः

कर्णाली प्रदेश विनियोजन ऐन, २०७७ को दफा ९ को उपदफा (१) मा यो ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक कार्यविधि तथा मापदण्ड वनाउन सक्ने व्यवस्था भएकाले विनियोजन ऐन बमोजिम चालु आ.व. यस मन्त्रालय वा मातहतका निकायहरुबाट बार्षीक कार्यक्रम कार्यान्वयन गर्दा भूमि व्यवस्थापन, कृषि, पशुपंक्षीपालन र सहकारी क्षेत्रको विकास तथा उत्पादकत्व वृद्धी एंव गरीवी निवारणको लागि उपलब्ध गराई बजेट, अनुदान र गरिने खर्चलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, अनुमानयोग्य तथा प्रतिफलमा आधारित बनाउन भुमि व्यवस्था, कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन एकिकृत कार्यविधि, २०७७ तयार गरी कर्णाली प्रदेश सरकार, मन्त्रीपरिषद्‌मा प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट मिति २०७७।०५।११ मा स्वीकृत प्राप्त भएकाले प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७४ को अनुसूची -१ विषयसंख्या १८ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

४. निर्णय हुनुपर्ने व्यहोराः

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको यसै साथ संलग्न "भुमि व्यवस्था, कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन एकिकृत कार्यविधि, २०७७" स्वीकृत गर्ने।

मितिः २०७७।०५।११

(डा. गोविन्द प्रसाद शर्मा)

प्रदेश सचिव

डा. गोविन्द प्रसाद शर्मा
सचिव

# भूमि व्यवस्था, कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन एकीकृत कार्यविधि,२०७७

कर्णाली प्रदेश सरकार

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

वीरेन्द्रनगर, सुर्खेत

# भूमि व्यवस्था, कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन एकीकृत कार्यविधि,२०७७

कर्णाली प्रदेश सरकारबाट भूमि व्यवस्थापन, कृषि, पशुपन्छीपालन र सहकारी क्षेत्रको विकास तथा उत्पादकत्व बृध्दि एवं गरिवी निवारणको लागि उपलब्ध गराइने बजेट, अनुदान र गरिने खर्चलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, अनुमानयोग्य तथा प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकोले,

**कर्णाली प्रदेश विनियोजन ऐन, २०७७ को दफा (९) को उपदफा (१) बमोजिम** प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

**१) संक्षिप्त नाम र प्रारम्भ**: (१) यस कार्यविधिको नाम"भूमि व्यवस्था, कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन एकीकृत कार्यविधि,२०७७" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशित भएको मितिबाट लागू हुनेछ।

**२) परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"अनुदान"** भन्नाले प्रदेश सरकारबाट विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कृषि क्षेत्रको उत्पादन, प्रशोधन, मूल्य अभिवृद्धि, बजारीकरण, पूर्वाधार निर्माण, यान्त्रीकिकरण, विविधिकरण, व्यवसायीकरण, आधुनिकीकरण, र औद्योगिकरण तथा भूमि व्यबस्था, सहकारी प्रर्बधन, र गरिबि निवारण समेतका लागि छनौट भएका अनुदानग्राहीलाई प्रचलित कानून अनुसार लेखा राख्ने लगायतका वित्तीय उत्तरदायित्व वहन गर्ने गरी प्रदान गरिने आर्थिक वा वस्तुगत सहायता वा पूर्वाधार विकास वा उपलव्ध गराइने कृषि सामग्री र उपकरण सम्झनुपर्छ। यसले कृषि ऋणको ब्याजमा दिइने नगद अनुदान समेतलाई जनाउंछ ।

(ख) **"अनुदानग्राही"** भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषक, कृषि उद्यमी, कृषि उद्योगी, कृषक समूह, कृषि/कृषि सम्बन्धी सहकारी, कृषिसँग सम्बन्धित समिति, वोर्ड, ऋणी कृषक र कृषि व्यवसायी सम्झनु पर्छ ।

(ग) **"कार्यक्रम"** भन्नाले स्वीकृत नीति तथा कार्यक्रम अन्तर्गत मन्त्रालय वा अन्तर्गतका निकायबाट सञ्चालन हुने कृषि विकास सम्बन्धी क्रियाकलाप (वाली/ पशुपन्छी/ मत्स्य/ सहकारी विकास/ कृषि विकासका लागि भूमि सम्बन्धी कार्यकम, सहकारी प्रबर्धन र गरिवी निवारण सम्बन्धी कार्यक्रम समेत) सम्झनु पर्छ ।

(घ) **"कार्यालय"** भन्नाले मन्त्रालय र अन्तर्गका स्वीकृत कार्यक्रम बमोजिम बजेट खर्च गर्न अख्तियारी प्राप्त निकाय सम्झनु पर्छ ।

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

डा. गोविन्द प्रसाद शर्मा
सचिव



नि. प्रमुख सचिव
कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(ङ) "कृषि" शब्दले बाली, बागवानी, पशुपन्छी,मत्स्यआदि कृषिका सबै उप-क्षेत्रसंग सम्बन्धित उत्पादन, उद्योग एवं व्यवसाय सम्झनुपर्छ ।

(च) **"कृषि सामग्री"** भन्नाले कृषि उत्पादनमा प्रयोग हुनेमल, बिउ, बेर्ना,नस्ल, मत्स्य विज, सिमेन,क्रायोमिल्ट, भ्रुण, खोप, पशु आहार तथा दानाजन्य पदार्थ, औषधि तथा विषादी, जैवीक पदार्थ तथा हार्मोन, कृषि चुन तथा रसायन, सेनिटाईजर, डिसईन्फेकटेन्ट, तरल नाइट्रोजन, पोषक तथा शुक्ष्म तत्व, कृषि औजार उपकरणलगायतका कृषि उत्पादन कार्यमा टेवा पुऱ्याउने अन्य बस्तु सम्झनुपर्छ।

(छ) **"निर्देशक समिति"** भन्नाले अनुदान प्रवाहको प्रक्रिया सहजीकरण गर्नका लागि दफा५ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ ।

(ज) **"बैङ्क"** भन्नाले नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त कम्तिमा घ बर्गको बैंक तथा वित्तीय संस्था सम्झनु पर्छ ।

(झ) **"मन्त्रालय"** भन्नाले कर्णाली प्रदेशसरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(ञ) **"माछा तथा मत्स्यजन्य पदार्थ"** भन्नाले जलचर जिउंदो, समातिएको ताजा प्याकिङ, भ्याकुम प्याकिङ, सुकाएको (सन ड्राईङ्ग), बट्टामा प्याकिङ (क्यानिङ्ग फिस) र सो बाट बनेका परिकारहरु सम्झनु पर्दछ ।

(ट) **"लक्षित वर्ग"** भन्नाले आफ्नो वा आफ्नो परिवारको नाममा भएको जग्गा तथा अन्य सम्पत्तिबाट वर्षको ३ महिना सम्मलाई मात्र खान पुग्ने अवस्था भएका समुदाय, कृषि मजदुर, पिछडिएको वर्ग, दलित, जनजाति, महिला, एकल महिला, अपाङ्गता भएका व्यक्ति तथा द्वन्द पिडित लगायत अन्य सीमान्तकृत ब्यक्तिलाई समेत सम्झनु पर्छ ।

**३) अनुदान उपलब्ध गराउन सक्नेः** (१)प्रदेश सरकारले विनियोजन गरेको बार्षिक वजेट तथा स्वीकृत कार्यक्रम बमोजिम कृषि क्षेत्र विकासको लागि अनुदान उपलब्ध गराउन सक्नेछ ।

(२) देहाय बमोजिमको विषयमा अनुदान प्रवाह हुनेछनः

(क) जिविकोपार्जन तथा सिमान्तकृत कृषक लक्षित कार्यक्रमहरु

(ख) कृषि उत्पादन र उत्पादकत्व वृद्धि लक्षित कार्यक्रमहरु

(ग) कृषि व्यवसाय तथा कृषि उद्योग प्रवर्द्धन लक्षित कार्यक्रमहरु

(घ) कृषि पूर्वाधार विकास लक्षित कार्यक्रमहरु

(ङ) कृषि सम्बन्धी अन्य विविध कार्यक्रमहरू

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

डा. गोविन्द प्रसाद शर्मा
सचिव

प्रमुख सचिव

कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वीरेन्द्रनगर, नेपाल

(३) उपदफा (२)मा उल्लिखित विषय अन्तर्गतआ.व. २०७७/०७८ मा सञ्चालन गरिने कार्यक्रमहरु ( अनुसूची १) मा सरकारी खर्च र अनुदानको सिमा **"कार्यक्रमहरू र खर्चको मापदण्ड"**खण्डमा उल्लेख भए बमोजिम हुनेछ ।

**४) अनुदानग्राहीको छनौट:**(१)कार्यालयले सार्वजनिक रूपमा सूचना प्रकाशन गरी यस कार्यविधि बमोजिम अनुदानप्राप्त गर्न चाहने कृषक, कृषक समुह, सहकारी, फर्म तथा कम्पनीहरूबाट अनुदानको लागि सामान्यतया अशोज महिना भित्र आवेदन माग गर्नेछ ।अनुदानग्राही छनौटगर्दा कर्णाली प्रदेश सरकारको "अनुदान व्यवस्थापन कार्यविधि नियम, २०७७" को दफा ८ समेतलाई आधारलिई मूल्याङ्कन गरिनेछ।

(२) अनुदानसंग सम्बन्धित कार्यक्रमको प्राबिधिक मापदण्ड, सूचनाको ढाँचा (अनुसूची २ मा उल्लेख गरिएको) आवेदनको ढाँचा (अनुसूची ३ मा उल्लेख गरिएको),आवेदक/प्रस्तावको मुल्याङ्कन/छनौट सम्बन्धी प्राविधिक मापदण्ड, सूचनाको सार्वजनिकीकरण तथा संचालनविधि मन्त्रालयले स्वीकृतगरे बमोजिम हुनेछ ।

(३) सहकारी संस्थालाई अनुदानको लागि छनौट गर्दा सहकारी मापदण्ड अनुसार हुनेछ ।

(४) प्राविधिक मूल्याङ्कन समितिले मन्त्रालयबाट स्वीकृत मापदण्डका आधारमा रही अनुदानग्राहीको मूल्याङ्कन गर्ने छ ।

**५) निर्देशक समिति:** (१)अनुदान प्रवाहको प्रक्रिया सहजीकरण गर्नका लागि देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः-

क) सचिव, मन्त्रालय — संयोजक

ख) अधिकृत (नवौं/दशौं) वा सो सरह, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय — सदस्य

ग) अधिकृत (नवौं/दशौं) वा सो सरह, अर्थिक मामिला तथा योजना मन्त्रालय — सदस्य

घ) अधिकृत (नवौं/दशौं) वा सो सरह, कर्णाली प्रदेश योजना आयोग — सदस्य

ङ) निर्देशक, कृषि विकास निर्देशनालय — सदस्य

च) निर्देशक, पशुपन्छी विकास निर्देशनालय — सदस्य

छ) संयोजक, नेपाल कृषि अनुसन्धान परिषद (प्रदेश कार्यालय) — सदस्य

ज) अधिकृत प्रतिनिधि, प्रदेश लेखा नियन्त्रक कार्यालय — सदस्य

झ) संयोजकले तोकेको कृषक प्रतिनिधी — सदस्य

ञ) प्रमुख, कानून शाखा, मन्त्रालय — सदस्य

ट) प्रमुख, योजना महाशाखा, मन्त्रालय — सदस्य -सचिव

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

डा. गोविन्द प्रसाद शर्मा
सचिव



नि. [illegible] सचिव

(२) निर्देशक समितिले आवश्यकता ठानेमा बढीमा तीन जना सम्म विषय विज्ञ वा सरोकारवाला निकायका अधिकृत प्रतिनिधि/पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कृषि अनुदान प्रक्रियामा संलग्न हुन चाहनेबैङ्क/वित्तीय संस्था/बीमा कम्पनिसंग सहकार्यका क्षेत्र र शर्त निर्धारण गर्ने,

(ख) अनुदान दिने सम्बन्धमा भए गरेका कामकारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ग) अनुदान निर्धारण र भुक्तानीको प्रक्रियामा थप सहजीकरण गर्न ढाँचाहरु स्वीकृत गरी लागू गर्ने,

(घ) कार्यक्रम सञ्चालन मापदण्ड तयार गरी स्विकृतीको लागि मन्त्रालय समक्ष सिफारिस गर्ने,

(ङ) मौजुदा मापदण्डमा केही संसोधनका लागि मन्त्रालय समक्ष सिफारिस गर्ने,

(च) अनुदान उपलब्ध गराउने सम्बन्धमा आइपरेका समस्याहरुको समाधान तथा विवाद निरूपण गर्ने।

(छ) कर्णाली प्रदेश सरकारको "अनुदान व्यवस्थापन कार्यविधि नियम, २०७७" को दफा १० मा ब्यवस्था भएको समन्वय समितिसंग समन्वय गर्ने

(च) कृषि क्षेत्रमा आवश्यक पर्ने कृषि सामग्रीहरुको समय सापेक्ष अनुसार मूल्य निर्धारण गर्ने ।

(४) निर्देशक समितिको बैठक समितिका संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(५) निर्देशक समितिको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।तर गणपुरक संख्याको अभावमा दुई पटकसम्म बैठक बस्न नसकेमा त्यसपछि बस्ने बैठकमा अध्यक्ष सहितको ३ जना सदस्यको उपस्थितिमा निर्णय गर्न वाधा पर्नेछैन ।

(६) निर्देशक समितिको बैठक सञ्चालन तथा निर्णय सम्बन्धी अन्य व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ।

<u>६) प्राविधिक मूल्याङ्कन समितिः</u> (१) देहायानुसारको पदाधिकारी रहने गरी प्रत्येक कार्यालयमा प्रस्तावनाको प्राविधिक मूल्याङ्कन समिति गठन गरिनेछ ।

| | |
|---|---|
| क) कार्यालय प्रमुखले तोकेको प्राविधिक अधिकृत/प्राविधिक कर्मचारी | संयोजक |
| ख) आफ्नो कार्यालय वाहेकको सम्बन्धित प्राविधिक | सदस्य |
| ग) कार्यक्रम हेर्न तोकिएको प्राविधिक | सदस्य सचिव |

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

डा. गोविन्द प्रसाद शर्मा
सचिव

प्रमुख सचिव

कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

समितिको वैठकमा आवश्यकता अनुसार बढीमा दुई जना विषयगत विज्ञको रूपमा आमन्त्रण गर्न सकिनेछ ।

**७) छनौट समितिको गठनः**(१) देहायानुसारको पदाधिकारी रहने गरी प्रत्येक कार्यालयमा प्रस्तावना छनौट समिति गठन गरिनेछ ।

क) कार्यालय प्रमुख (सम्बन्धित कार्यालय) — संयोजक
ख) जिल्ला समन्वय समितिका अधिकृत कर्मचारी वा प्रतिनिधी — सदस्य
ग) प्रदेश लेखा इकाई कार्यालय प्रमुख/निजले तोकेको प्रतिनिधी — सदस्य
घ) कृषि विकास कार्यालय/पशु अस्पताल तथा पशु सेवा कार्यालयका एक जना अधिकृत कर्मचारी वा प्राविधिक — सदस्य
ङ) कार्यालयको योजना हेर्ने कर्मचारी — सदस्य सचिव

छनौट समितिको पूर्ण सहभागिता नभएको अवस्थामा बहुमत सदस्यको उपस्थित भएको बैठकबाट निर्णय गर्न सकिने छ ।

**८) अनुदान रकमको सीमाः** (१)यस कार्यविधि अनुसार उपलब्ध गराइने अनुदान रकमको सीमा समूह वा सहकारीको हकमा कूल लागतको सत्तरी (७०) प्रतिशत र निजी फर्म वा उद्यमीको हकमा पचास (५०) प्रतिशत सम्म हुनेछ ।

(२) सामुदायिक प्रयोगमा आउने गरी सञ्चालन गर्ने कृषि बीमा, साना सिंचाई, उपभोक्ता समिति मार्फत सञ्चालन् हुने स-साना कृषि तथा पशुपन्छी एवं पशुजन्य उत्पादन् संकलन केन्द्र तथा प्रदेशस्तरका बजार पूर्वाधार, आयातित फलफूलको विरूवा, सघन फलफुल बगैंचा, आयातित पशु नश्ल, विशिष्ट जातका पशुपन्छी प्रयोगशाला निर्माणमा ८५ प्रतिशत सम्म हुनेछ ।

(३) प्राबिधिकहरुको नेतृत्व तथा समुह/सहकारी/फार्म केन्द्रहरुसँग कार्यगत अनुसन्धान ( Action Research)/प्रबिधि प्रदर्शन/बिउ वेर्ना उत्पादन/नमुना प्रदर्शन/अन्वेषण क्रियाकलाप आदिमा ८० प्रतिशत सम्म हुनेछ ।

तर, प्राकृतिक विपद् वा प्रचलित कानूनमा तोकिएको लक्षित्समूहका लागि सरकार आंफैले सञ्चालन गर्ने वा गैह्र सरकारी संघसंस्थाको साझेदारीमा सञ्चालन् हुने कार्यक्रममा यो सीमा लागु हुने छैन ।

(४) उपदफा (१)देखि (३) सम्म जुनसुकै कुरा लेखिएको भएतापनि योकार्यविधि लागू हुनु अघिअनुदानग्राहीसँगसम्झौता भईकार्यान्वयनमा रहेका परियोजनाको हकमा सम्झौता बमोजिम नै हुनेछ

(५) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै दातृ निकायको सहयोगमा सञ्चालन हुने कार्यक्रम वा आयोजनाको हकमा नेपाल सरकार/प्रदेश सरकार र दातृ निकायबीच भएको सम्झौता बमोजिम हुनेछ ।

(६) लक्षित समूहलाई तोकिएको शर्त बमोजिम सहुलियतपूर्ण ऋण तथा व्याज अनुदान उपलब्ध गराउन मन्त्रालयले मूख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय एवं आर्थिक मामिला तथा योजना मन्त्रालयसंग समन्वयगरी बैंक तथा वित्तीय संस्थाहरूसंग सम्झौतागरी कार्यान्वयन गर्न सक्नेछ ।

डा. गोविन्द प्रसाद शर्मा
सचिव

९) <u>अनुदानग्राहीसँग सम्झौता गर्नुपर्नेः</u> (१) कार्यालयले अनुदानग्राहीको छनौट र अनुदान रकमको निर्धारण भएपछि अनुदानग्राहीसँग अनुसूची ४को ढाँचामा सम्झौता गर्नेछ।

(२)सम्झौता बमोजिम अनुदानग्राहीको तर्फबाट व्यहोर्नु पर्ने/लगानी गर्नुपर्ने रकमको सुनिश्चितताको लागि सम्झौता गर्नु अघि वा यो निर्देशिका लागू हुनु अघि सम्झौता भई कार्यान्वयन भइरहेको कार्य्रकम/योजनाको समेत सम्बन्धित पक्षबाट लगानी गर्नुपर्ने रकम बराबरको जमानत (नगद, धरौटी वा ऋण स्वीकृत भएको बैंकको प्रतिबद्धतापत्र वा बैंक ग्यारेन्टीवाजगेडा कोष वा पूंजी प्रमाणित हुने कागजपत्र) कार्यालयमा पेश गर्नुपर्नेछ ।

तर लक्षित वर्गको हकमा कार्यालयले जमानत आवश्यक नठानेको कार्यक्रमहरूका लागि भने जमानत आवश्यक पर्नेछैन ।

(३) अनुदानग्राहीले आफ्नो हिस्साको कार्य सम्पन्न गरे पछि मात्र कार्यालयले अनुदान तर्फको रकम भुक्तानी दिनेछ ।

(४) कार्यालयले आवश्यक देखेमा पेश्की दिन सक्नेछ । पेश्की दिंदा प्रचलित कानून बमोजिमको प्रक्रिया अवलम्वन गर्नुपर्नेछ ।

(५) उपदफा (१) बमोजिमको सम्झौतामा अनुदानग्राहीले कार्य शुरु गर्नुपर्ने र सम्पन्न गर्नुपर्ने समय, अनुदान भुक्तानी हुने बैङ्कको शाखा/कार्यालय,आवधिक रूपमा कार्यसम्पन्न गर्नु पर्ने विषयर सो बमोजिम अनुदान उपलव्ध गराइने समय तालिका अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

(६) जेठ महिना भित्र यथासम्भव कार्य सम्पन्न हुने व्यवस्था मिलाउनु पर्ने छ । जेठ महिना पछि कुनै पनि सम्झौता गरिने छैन ।

(७) सम्झौता अनुसारको कार्यक्रम सम्पन्न गरी असार १५ गते भित्र आवश्यक कागजात सहित भुक्तानीको लागि पेश गरिसक्नु पर्नेछ ।

१०) <u>अनुदानको भुक्तानीः</u> (१) अनुदानग्राहीको भुक्तानी हुने रकम बैङ्क खातामा जम्मा हुने गरि उपलव्ध गराउनु पर्नेछ ।

(२) अनुदान रकमको भुक्तानी सम्झौता पत्रमा उल्लेख भएको हकमा सोही बमोजिम हुनेछ । सम्झौता पत्रमा उल्लेख नभएको हकमा कार्यालय प्रमुखले तोकेको जिम्मेवार प्राविधिक (फोकल पर्सन) ले स्थलगत निरीक्षणगरी तयार पारेको कार्य सम्पन्न प्रमाणिकरणको आधारमा कार्यालयले अनुदानग्राहीलाई लगानी अनुपातको हिसाबले एकमुष्ट वा किस्तामा भुक्तानी दिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा लागू हुनु अघि सम्झौता भइसकेको कार्यक्रमको हकमा मन्त्रालय/कार्यालयले निर्णय गरे वमोजिम हुनेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकैकुरा लेखिएको भएतापनि अनुदानग्राहीले चाहेमा शतप्रतिशत कार्य सम्पन्न गरेपछि अनुदानको एकमुष्ट रकम भुक्तानी गर्न बाधा पर्नेछैन ।

(५) यस दफामा जुनसुकैकुरा लेखिएको भएतापनि अनुदानग्राहीबाट कार्यसम्पन्न प्रतिवेदन प्राप्त भई सोको प्रमाणिकरण नभए सम्म अनुदान रकमको अन्तिम किस्ता भुक्तानी हुनेछैन ।

(६) अनुदानलाई कृषकमैत्री बनाउन माग भएको सामग्री र उपकरणको आधार, गुणस्तर र प्रति ईकाई मूल्यको सूचना माग गरि कम्तिमा ३ आपूर्तिकर्ताको प्रतिस्पर्धात्मक सूची सार्वजनिक गरी प्राप्त गुणस्तर र मूल्य अनुरुप सबैभन्दा कम दररेटका आधारमा अनुदान रकम निर्धारण गरिनेछ । अनुदानग्राहीले सूची सार्वजनिक गरिएका आपूर्तिकर्तामध्ये आंफूले चाहेको ब्राण्डको आपूर्ति

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

डा. गोविन्द प्रसाद शर्मा
सचिव



प्रमुख सचिव

कर्ताबाट तोकेको मूल्य तिरी सामग्री वा उपकरण खरिद गर्न सक्ने छ । यसरी खरिद गरेको अवस्थामा पनि अनुदानको रकम भने कार्यालयले निर्धारण गरेको भन्दा बढी दिइने छैन । अनुदान बाहेकको रकम निजले छनौट गरेको आपूर्तिकर्ताको खातामा जम्मा गरी सामानको आपूर्तिपछिमात्र कार्यालयले अनुदानको रकम सम्बन्धित आपूर्तिकर्ताको बैंक खातामा उपलब्ध गराउने छ ।

(७) जिन्सी सामान/उपकरण/मेसिनरी/कृषि सामाग्री/पशुधन लगायतका खरिदको हकमा सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली,२०६४ मा व्यवस्था भए बमोजिम हुनेछ । सम्झौता बमोजिम अनुदानग्राहीले खरिद गर्नुपर्ने हकमा समेत प्रचलित कानून बमोजिम खरिद प्रकृया अवलम्वन गर्नुपर्नेछ ।

११) बीमा गर्नु पर्नेः (१) दफा ३ को उपदफा (२) को खण्ड (ग) र (घ) अन्तरगत अनुदान प्राप्त गर्ने अनुदानग्राहीले बीमा गर्नु पर्नेछ।

(२) दफा ३ को उपदफा (२) को खण्ड (क) र (ख) क्षेत्र अन्तरगत् व्यवसायिक रुपमा संचालन हुने बाली, पशुधन र मत्स्य साथै फर्म/भौतिक पूर्वाधारको समेत बीमा गर्नु पर्नेछ।

(३) बीमालेख नभएका कृषि व्यवसाय तथा पूर्वाधारमा बीमा गर्न अनिवार्यहुने छैन । तर त्यस्तो व्यवसाय तथा पूर्वाधारमा क्षति पुग्न गएमा सोको जिम्मेवार अनुदानग्राही स्वयं हुनु पर्नेछ।

१२) सार्वजनिक सुनुवाई र विवरण प्रकाशन गर्नुपर्नेः (१) कार्यक्रमको विषयमा पारदर्शिताको लागि सार्वजनिक सुनुवाई गर्नुपर्नेछ ।

(२) अनुदानग्राहीलाई अनुदानउपलब्ध गराउने प्रत्येक कार्यालयले अनुदान सम्वन्धीविवरण वेबसाइटमा (वेबसाइट नभएको हकमा सूचनापाटी वा वुलेटिन मार्फत) नियमितरूपमा अद्यावधिक गरी प्रकाशन गर्नुपर्नेछ।

(३) मन्त्रालयले अनुदानको अभिलेख राख्नुपर्ने र सो को विवरण अद्यावधिक समेत गर्नुपर्नेछ ।

(४) सञ्चालन भएको कार्यक्रमको वारेमा अनुदानग्राहीले अनुसूची ५ बमोजिमको जानकारीमूलक होर्डिङ्ग बोर्ड राख्नुपर्नेछ।

१३) असुल उपर र कारवाहीः (१) यस कार्यविधि बमोजिम प्रवाह भएको अनुदानरकम सम्बन्धित कार्यमा प्रयोग नगरी अन्यत्र प्रयोग गरेको पाइएमा वा हिनामिना भएको प्रमाणित भएमा सम्बन्धित पक्षबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ। विपत् वा अन्य कुनै काबु बाहिरको परिस्थितिबाट क्षति भएको अवस्थामा भने उक्त क्षतिको प्रमाणित (मुचुल्का, स्थानीय तहको सिफारिस /प्रहरी प्रतिवेदन कागजात/ प्रमाण) विवरण सहित एक महिनाभित्र अनुदानप्राप्त गरेको निकायमा लिखित जानकारी गराउनु पर्नेछ । यस्तो अवस्थामा निर्देशक समितिको निर्णयानुसार हुनेछ ।

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

डा. गोविन्द प्रसाद शर्मा
सचिव



प्रमुख सचिव

(२) यस कार्यविधि बमोजिम भएको सम्झौता अनुसार काम नगर्ने तथा अनुदानमा दिइएको सामग्री वा रकमको हिनामिना वा दुरुपयोग गर्ने अनुदानग्राहीलाई मन्त्रालय वा अन्तर्गतका निकायबाट भविष्यमा कुनै पनि अनुदान उपलव्ध गराइने छैन ।

१४) सम्झौता गर्ने निकाय: कार्यक्रम संचालन गर्ने अख्तियारी प्राप्त कार्यालयले कार्यक्रम संचालन सम्झौता गर्ने छ।

१५) अनुगमन तथा मूल्याङ्कन:(१) यस कार्यविधि बमोजिम सञ्चालन गरिने प्रत्येक कार्यक्रमहरूमा कार्यालय प्रमुखले एक जिम्मेवार प्राविधिक (फोकल पर्सन) तोक्नु पर्नेछ । कार्यक्रमको समग्र अनुगमन र कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने दायित्व जिम्मेवार प्राविधिकको हुनेछ ।

(२) जिल्ला समन्वय समितिको संयोजकत्वमा जिल्ला प्रशासन कार्यालय, सम्बन्धित स्थानीय तहको उपप्रमुख/उपाध्यक्ष, सम्बन्धित कार्यालयको प्रमुख, सरोकारवाला निकायका प्रतिनिधि र आवश्यकता अनुसार विषय विज्ञको सहभागितामा अनुगमन समिति बनाई कार्यक्रमको अनुगमन तथा सहजीकरण गर्न सकिनेछ। उक्त अनुगमनमा प्रदेश सभाका सदस्यहरूलाई समेत आमन्त्रण गर्न सकिने छ।

(३) कार्यक्रमको कार्यान्वयन, संचालन तथा भुक्तानीको अनुगमन तथा मूल्याङ्कन आवश्यकतानुसार सम्बन्धित कार्यालय, निर्देशनालय र मन्त्रालयबाट हुनेछ । साथै आवश्यकता बमोजिम सरोकारवाला मन्त्रालयहरु, कर्णाली प्रदेश योजना आयोग र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट समेत अनुगमन हुनसक्नेछ।

१६) प्रतिवेदन:(१) कार्यक्रम संचालन गर्ने निकायबाट दिईएको अनुदान सम्बन्धमा सम्पादित कार्यको प्रगति प्रतिवेदन अनुसूची-६ बमोजिमको ढाँचामा अनुदानग्राहीले चौमासिक र बार्षिक रुपमा कार्यालयमा पेश गर्नु पर्नेछ।

१७) गुनासो व्यवस्थापन: (१) अनुदानग्राहीको अनुदान प्राप्तिका क्रममा कुनै गुनासो भएमा सो सम्बन्धमा अनुदान उपलब्ध गराउने सम्बन्धित कार्यालय प्रमुख समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदानग्राहीबाट कुनै गुनासो प्राप्त भएमा सम्बन्धित कार्यालय प्रमुखले त्यस्तो गुनासो प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निरुपण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम भएको गुनासोको निरुपण उपर चित्त नबुझेमा अनुदानग्राहीले निर्देशक समितिको संयोजक समक्ष पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको निवेदन उपर निर्देशक समितिका संयोजकले निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र त्यस्तो गुनासोको अन्तिम किनारा लगाउनेछ ।

१८) अनुदानग्राहीलाई दिइने अनुदान उल्लेख गर्नु पर्ने: यसकार्यविधि बमोजिम अनुदान प्राप्त गरी सेवा प्रवाह गर्ने अनुदानग्राहीहरुले कोल्ड स्टोर, ढुवानी सेवा, कृषि जन्य उद्योग स्थापना, कस्टम हायरिङ्ग



डा. गोविन्द प्रसाद शर्मा
सचिव

प्रमुख सचिव

सेन्टर, श्रोतकेन्द्र लगायतका सेवाहरुमा सेवाग्राहीहरुलाई अनुदान दरमा सेवा प्रवाह गर्ने व्यवस्था सम्झौताका शर्तहरुमा नै उल्लेख गरी लागू गर्नु पर्नेछ।

१९) दोहोरो सुविधा लिन नपाउनेः अनुदानग्राहीले एउटै कामको लागि संघ, प्रदेश वा स्थानीय तह वा एक भन्दा बढी निकाय तथा एक भन्दा बढी कार्यक्रमको लागि मन्त्रालय अन्तर्गतका कार्यालयहरूबाट अनुदान प्राप्त गर्न सक्ने छैन। तर अन्य साझेदार निकायसंग स्पष्टसंग सम्झौता भई लागत इष्टिमेटमा समेत साझेदारीको हिस्सा उल्लेख गरिएको अवस्थामा अनुदान प्रदान गर्न वाधा पर्ने छैन । अनुदान प्रवाह गर्दा विगतमा अनुदानप्राप्त नगरेकाहरूलाई प्राथमिकता दिइनेछ ।तर वहुवर्षिय प्रकृतिका आयोजना तथा एकै कृषक/फर्म/समुह वा अन्य अनुदानग्राहीले सम्झौतामा स्पष्ट पारी फरक कार्य गर्ने गरि अनुदान प्राप्त गर्न बाधा पर्ने छैन।

२०) जिम्मेवार हुनेः (१) प्रदेश सरकारको श्रोत सहितको अनुदान उपयोग गर्दा वित्तिय अनुशासन कायम गर्नुपर्ने एवं वित्तिय उत्तरदायित्व वहन गर्नु पर्ने छ ।

(२) अनुदान लगायतका सहायता वितरण कार्यको गुणस्तर र सो सम्बन्धी वित्तीय जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको हुनेछ ।

(३) कुनै विशेष कारणवश वा काबू बाहिरको परिस्थिति वाहेक अनुदानग्राहीको कारणबाट सम्झौता अनुरुप तोकिएको समयसीमा भित्र कार्य सम्पन्न हुन नसकीअनुदान रद्द भएमा वा अनुदानको रकम पूरा भुक्तानी नभएमा अनुदानग्राही स्वयं जिम्मेवार हुनेछ ।

२१) सम्झौता बमोजिम हुनेः (१) यस कार्यविधि अनुरुप सञ्चालन हुने क्रियाकलाप र विकास गरिएका पूर्वाधार तथा सुविधाको प्रयोग सम्झौतामा तोकिए बमोजिमको प्रयोजनका लागि मात्र गरिनेछ र कार्यक्रम संचालन गर्ने निकायको पूर्वस्वीकृति बेगर तोकिएको अवधि भित्र कुनै प्रकारको फेरबदल वा संरचनाको स्वरुप परिवर्तन, बिक्री वितरण कार्य गर्न पाईने छैन।

(२) यस कार्यविधि अनुसार सञ्चालित कार्यक्रम सम्पन्न भएपछि कम्तीमा सम्झौतामा तोकिएको अवधिसम्म निरन्तर रुपमा सञ्चालन गर्नुपर्नेछ ।

२२) कार्यक्रमको प्रभावकारिताः (१) कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित वनाउन संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय तह र अन्य कुनै निकायबाट कार्यान्वयन हुने आयोजनाहरुसंग दोहोरोपना नहुने गरि आवश्यक समन्वय गरेर कार्यक्रम संचालन गर्नु पर्नेछ ।

(२) प्रदेश अन्तर्गत सञ्चालित राष्ट्रिय/अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्थाहरूबाट सञ्चालित यस मन्त्रालयसंग सम्बन्धित कार्यक्रमहरूको प्रगति अनिवार्यरूपमा मन्त्रालयमा पेश गर्नु पर्ने छ ।

२३) पुरस्कार तथा कार्वाहीको व्यवस्थाः- पुरस्कार तथा कार्वाहीको व्यवस्था देहाय अनुसार हुनेछ :

डा. गोविन्द प्रसाद शर्मा
सचिव

नि. प्रमुख सचिव

१.तोकिएको समय भन्दा अगाडि, तोकिएको मापदण्ड र गुणस्तरीय कार्य सम्पन्न गर्ने अनुदानग्राही र सम्बन्धित कार्यमा संलग्न कर्मचारीलाई पुरस्कृत गरिने छ ।

२. अनुदान रकम दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही स्वरूप सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

२४) <u>कार्यक्रमको प्राबिधिक मापदण्ड र मूल्याङकनका आधार बनाउने:</u> अनुसूचि १ मा उल्लेख भएका कार्यक्रमहरुको प्राबिधिक मापदण्ड र कार्यक्रम छनोट तथा मूल्याङकनका आधार र सो सगँ सम्बन्धित बिषयहरु मन्त्रालयले तयार गर्नु पर्नेछ ।

२५) <u>विविध:</u> (१) अनुदान कार्यक्रमका अतिरिक्त कृषि प्रसार शिक्षा, मुख्यमन्त्रि कृषक उत्थान कार्यक्रम लगायत विशेष कृषि कार्यक्रम एवं कृषकलाई प्रोत्साहन स्वरूप प्रदान गरीने पुरस्कार, राष्ट्रिय /अन्तराष्ट्रिय भ्रमण तथा राष्ट्रिय / अन्तराष्ट्रिय दिवस जस्ता विशेष कार्यक्रम खर्च र अनुदानको सीमा समेत अनुसूची १ बमोजिम हुनेछ।

(२) स्वीकृत अनुदान रकममा सूचना प्रकाशन, विज्ञ सेवा, बैठक खर्च, अनुगमनमा औचित्य र आवश्यकता अनुसार खर्च गर्ने गरी पूंजिगत तथा पूर्वाधार निर्माण कार्यको हकमा बजेट रकमको अधिकतम ३ (तीन) प्रतिशत कन्टीन्जेन्सी रकम र अन्य प्रचलित कानुन बमोजिम कर कट्टि गरी भुक्तानी गर्नेछ ।

२६) <u>व्याख्या, बाधा अडकाउ फुकाउ र संशोधन:</u> (१) यस कार्यविधिको आवश्यक व्याख्या मन्त्रालयले गर्न सक्नेछ ।

(२) यस कार्यविधिको कार्यन्वयनमा बाधा अडकाउ परेमा कार्यविधिको उद्देश्य विपरित नहुनेगरी निर्देशक समितिको सिफारिसमा मन्त्रालयले बाधा अडकाउ फुकाउन सक्नेछ ।

(३) उपदफा २ मा जुनसुकै कुरा उल्लेख भए पनि आर्थिक पक्षमा प्रभाव पर्ने बिषयमा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट सहमति लिनुपर्नेछ ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यविधिको संशोधन प्रदेश सरकारले मात्र गर्न सक्नेछ ।

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

डा. गोविन्द प्रसाद शर्मा
सचिव

नि. प्रमुख सचिव

कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वीरेन्द्रनगर, नेपाल

अनुसूची-१

(दफा ३ को उपदफा (३)सँग सम्बन्धित)

अनुदान प्रवाह गरिने विषय अन्तरगतका कार्यक्रमहरू

| क सं | आर्थिक अनुदान प्रवाह गरिने क्षेत्रहरु |
|---|---|
| क | जिविकोपार्जन तथा सिमान्तकृत कृषक लक्षित कार्यक्रमहरु |
| १ | किसान सरकार हातेमालो कार्यक्रम |
| २ | लक्षितवर्ग अर्गानिक कृषि प्रवर्द्धन कार्यक्रम |
| ३ | अनिवार्य न्यूनतम आय आर्जन कार्यक्रम |
| ४ | भौचर प्रणाली मार्फत कृषि प्रसार सेवा प्रवाह |
| ५ | जीविकोपार्जनको लागि अनुदानपूर्ण ऋण |
| ख | कृषि उत्पादन र उत्पादकत्व वृद्धि लक्षित कार्यक्रमहरु |
| ६ | बीउ उत्पादन कार्यक्रम (खाद्यान्न, तरकारी, मसलाबाली, आलुबाली, जरेबाली आदी) |
| ७ | रैथानै पशुपन्छी संरक्षण सम्बर्द्धन र उपयोग कार्यक्रम |
| ८ | भकारो सुधार कार्यक्रम |
| ९ | खाद्य सुरक्षाका लागि उत्पादन विशेष कार्यकम |
| १० | साझेदारीमा आधारित एक स्थानीय तह एक (कृषि /पशुसेवा) वाली उत्पादन विशेष कार्यक्रम |
| ११ | सहकारी नमूना गाउँ स्थापना, सञ्चालन र व्यवस्थापन |
| १२ | महिला सहकारी मार्फत उत्पादन तथा उद्यम प्रबर्द्धन |
| १३ | महिला सहकारी संस्था मार्फत बिउ पुँजी तथा घुम्तीकोष सञ्चालन |
| १४ | एक पालिका एक कृषि/पशुसेवा प्राविधिक तथा विशेषज्ञ सेवा परामर्श |
| १५ | स्थानीय तहमा अर्गानिक कृषि उत्पादन प्रोत्साहन |
| १६ | श्रोतमा (प्रांगारिक मल, जैविक विषादी, विउ, वेर्ना, नश्ल, माछा भुरा आदि) अनुदान कार्यक्रम |
| १७ | श्रोतकेन्द्र स्थापना तथा सुदृढीकरण (वाली, फलफुल, नर्सरी, च्याउ, पशुपन्छी, मत्स्य लगायत) |
| १८ | स्थानीय कुखुरा विकास कार्यक्रम (सामुदायिक) |
| १९ | कृषि यान्त्रीकरण प्रबर्द्धन कार्यक्रम |
| २० | प्राबिधिकहरुको नेतृत्व तथा समुह/सहकारी/फार्म केन्द्रहरुसग कार्यगत अनुसन्धान ( Action Research)/प्रबिधि प्रदर्शन/बिउ उत्पादन/नमुना प्रदर्शन/अन्वेषण क्रियाकलाप |

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

डा. गोविन्द प्रसाद शर्मा
सचिव

| | |
|---|---|
| २१ | कृषि व्यवसायको लागि व्याज अनुदान |
| २२ | एकीकृत अर्गानिक कृषि मोडेल फार्म प्रदर्शनी तथा अनफार्म अनुसन्धान प्लट स्थापना तथा सञ्चालन |
| ग | कृषि व्यवसाय तथा कृषि उद्योग प्रवर्द्धन लक्षित कार्यक्रमहरु |
| २३ | व्यवसायिक तरकारी खेती ठूला ग्रीननेट हाउसमा सहुलियत कार्यक्रम |
| २४ | कृषिमा आधारित साना उद्योग स्थापना तथा संचालन |
| २५ | नविनतम प्रविधिमा आधारित कृषि बाली वस्तुको प्रवर्द्धन कार्यक्रम |
| २६ | रोड कोरिडोर तरकारी बाली प्रवर्द्धन कार्यक्रम |
| २७ | कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम |
| २८ | व्यवसायिक फलफुल, तरकारी, खाद्यान्न, आलु, दलहन, मौरी, च्याउ, तेलहनबाली प्रबर्द्धन कार्यक्रम |
| २९ | व्यावसायिक फलफूलखेती प्रवर्द्धन कार्यक्रम |
| ३० | विशिष्ट जातका पन्छीपालन (कालिज, बट्टाई, टर्की, अष्ट्रिच) प्रवर्द्धन कार्य्रकम |
| ३१ | मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार |
| ३२ | दुग्ध व्यवसाय प्रवर्द्धन कार्यक्रम |
| ३३ | व्यवसायिक कृषक प्रोत्साहन कार्यक्रम सन्चालन |
| ३४ | कृषि मेला महोत्सव प्रदर्शनी सञ्चालन तथा व्यवस्थापन |
| ३५ | न्यूनतम मूल्य समर्थन पाइलटिंग कार्यक्रम |
| ३६ | अक्वाकल्चर एण्ड फिसरिज व्यवसाय तथा प्रवर्द्धन कार्यक्रम |
| ३७ | लागत सहभागितामा आधारित अनुदान कार्यक्रम |
| ३८ | चक्लावन्दी खेती प्रोत्साहन कार्यक्रम |
| ३९ | पशुपन्छी तथा मत्स्य श्रोतकेन्द्र विकास (निजी/सामुदायिक/सहकारी) |
| ४० | प्रांगारिक मल उत्पादन प्रबर्ध्दन कार्यक्रम |
| ४१ | प्राविधिक विद्यालयमा अर्गानिक कृषि/ पशु सेवा कार्यक्रम |
| ४२ | अर्गानिक मोडेल कृषि कार्यक्रम |
| ४३ | प्राङ्गारिक मिसन कार्यक्रम |
| ४४ | कर्णाली ब्राण्ड निर्माण तथा प्रांगारिक वस्तु बजारीकरण सहयोग कार्यकम / कर्णालीको पहिचान निर्यातयोग्य वालीहरू ( स्याउ, सिमी, आलु, मह) को लागि बजारीकरण तथा निर्यातमा अनुदान |
| घ | कृषि पूर्वाधार विकास लक्षित कार्यक्रमहरु |

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

डा. गोविन्द प्रसाद शर्मा सचिव



प्रमुख सचिव

कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वीरेन्द्रनगर, नेपाल

| | |
|---|---|
| ४५ | शित भण्डार, सेलारस्टोर, रष्टिक स्टोर निर्माण तथा सञ्चालन |
| ४६ | प्रयोगशाला निर्माण तथा सञ्चालन |
| ४७ | मासु पसल, पशु वधशाला तथा वधस्थल स्थापना तथा सन्चालन |
| ४८ | पशु/पशुपंछी संकलन केन्द्र निर्माण तथा सञ्चालन |
| ४९ | कृषि सडक/सिंचाई मर्मत तथा सम्भार कार्यक्रम |
| ५० | कृषि हाटबजार तथा कृषि उपज संकलन केन्द्र निर्माण तथा सञ्चालन |
| ५१ | कृषि सिंचाई |
| ५२ | कृषिजन्य बस्तु प्रशोधन केन्द्र निर्माण तथा सञ्चालन |
| ५३ | उच्च प्रविधियुक्त नर्सरी स्थापना सञ्चालन विस्तार र सुदृढीकरण |
| ५४ | सामुदायिक बिउ बैंक |
| ५५ | ग्रामिण विद्युतीकरण कार्यक्रम |
| ङ | कृषि सम्बन्धी अन्य विविध कार्यक्रमहरू |
| ५६ | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ अनुसार सञ्चालन गरिने कार्यक्रमहरू |
| | सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्ड सम्बन्धमा (२.५), सहभागिता भत्ता(२.६), सहभागीको भ्रमण खर्च (२.७), ईन्धन सुविधा(२.८) र लेख रचना पारिश्रमिक(२.९) |
| ५७ | पशु स्वास्थ्य सेवा कार्यक्रम (पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५, पशु स्वास्थ्य तथा पशु सेवा नियमावली २०५६, पशु बधशाला र मासु जाँच ऐन २०५५, पशु बधशाला र मासु जाँच नियमावली २०५७ अनुसार तोकीएका कार्यक्रम र विश्व पशु स्वास्थ्य संगठन OIE र नेपाल राजपत्रमा उल्लेखित भएका शंक्रामक रोगहरु पहिचान, नियन्त्रण, रोकथाम र पुर्व तयारीका लागि सञ्चालन गरिने सम्बन्धित कार्यक्रमहरू) |
| ५८ | कृषि वन कार्यक्रम |
| ५९ | कृषि पर्यटन क्षेत्र निर्माणका पुष्पखेती सुदृढिकरण कार्यक्रम |
| ६० | अर्गानिक कृषि सम्बन्धी शोधपत्र अनुसन्धान सहयोग कार्यक्रम |
| ६१ | कृषिजन्य वालीवस्तुहरूमा प्राकृतिक प्रकोप न्यूनीकरण कार्यक्रम |
| ६२ | राहत वितरण कार्यक्रम |
| ६३ | प्लाण्ट क्लिनिक |
| ६४ | दिवस/सप्ताह/शिवीर कार्यक्रम |
| ६५ | भ्रमण कार्यक्रम |
| ६६ | कृषि सूचना प्रवाह |

डा. गोविन्द प्रसाद शर्मा
सचिव

| | |
|---|---|
| ६७ | योजना तथा वार्षिक कार्यक्रम सम्बन्धी मन्त्रालय अन्तर्गत सञ्चालन गरिने कार्यक्रम प्रस्ताव गर्दा आयोजना किटानी हुने हकमा लागत अनुमान, डिजाइन, लाभान्वित समुह, क्षेत्रफल आदि समेत स्पष्ट विवरण हुने हकमा मात्र प्रस्ताव गरिनेछ । |
| ६८ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मार्फत सम्पादन गर्ने गरी बजेट व्यवस्था भएका संघीय सरकारका कार्यक्रम नर्म्स भएमा सोही बमोजम, नभए यसै कार्यविधि अनुसार र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा व्यवस्था भएको कार्यक्रम बजेट समेत यसै मापदण्ड बमोजिम सञ्चालन हुनेछ । |
| ६९ | बिउ विजनको नमुना संकलन गर्ने कार्यविधि २०७३, बिउ विजन परीक्षण निर्देशिका २०७४, विउ विजन प्रयोगशाला सञ्चालन सम्बन्धी निर्देशिका २०७४, बिउ विजनको प्रयोगबाट हुने हानी नोक्सानीको क्षतिपूर्ती सम्बन्धी निर्देशिका २०७३, जफत गरिएको बिउ विजन मूल्याङ्कन तथा नष्ट गर्ने निर्देशिका २०७३, बिउ विजन प्रमाणिकरण निर्देशिका २०७४ लगायतका अन्तर्रराष्ट्रिय तथा राष्ट्रिय मापदण्डलाई आधारमानी तयार पारिएका संघीय कार्यविधि र निर्देशिकाहरू प्रयोगगरी सञ्चालन गरिने कार्यक्रमहरू |
| ७० | घुम्ती तालिम कार्यक्रम |
| ७१ | जैविक विषादी उत्पादन सामग्री वितरण कार्यक्रम |
| ७२ | म्युजियम व्यवस्थापन कार्यक्रम |
| ७३ | आइ पि एम प्रविधि प्रदर्शन कार्यक्रम |
| ७४ | विषादीको नकारात्मक प्रभाव सम्बन्धि होर्डीङ बोर्ड स्थापना कार्यक्रम |
| ७५ | च्याउको स्पन उत्पादन कार्यक्रम |
| ७६ | किटवक्स विधिद्धारा माटो परिक्षण शिविर सञ्चालन तथा माटो ब्यबस्थापन तालीम कार्यक्रम |
| ७७ | घुम्ती प्रयोगशाला (मोवाईल भ्यान) मार्फत माटो शिविर संचालन कार्यक्रम |
| ७८ | माटोको गुणस्तर सुधार सम्बन्धी प्रदर्शन कार्यक्रम |
| ७९ | एकीकृत खाद्यतत्व व्यवस्थापन कृषक पाठशाला कार्यक्रम |
| ८० | तरकारी जोनको माटोको उर्वराशक्ति नक्शा प्रकाशन कार्यक्रम |
| ८१ | माथि जे सुकै लेखिएता पनि कार्यक्रमको इष्टिमेट गर्दा मल, विउ, सामग्री खरिद, ज्याला, निर्माण कार्य, ढुवानी आदि कार्यमा सरकारी दररेट वा जिल्ला दररेट वा स्थानीय दररेटलाई आधार मानेर गर्नुपर्नेछ । |

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

डा. गोविन्द प्रसाद शर्मा
सचिव

प्रमुख सचिव

कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वीरेन्द्रनगर, नेपाल

अनुसूची – २

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

## ............................कार्यक्रम कालागि प्रस्ताव आव्हानको सूचना

सूचना। सूचना। । सूचना। । ।

यस.............................................................................................को आर्थिक वर्ष............ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार....... अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा ............................ जिल्लाका कृषि तथा पशुपालन व्यबसाय एवं सहकारी सम्बन्धी संलग्न ईच्छुक कृषक कृषक समूह कृषि सहकारी उद्यमी निजी फर्म व्यवसायीबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले...........दिनभित्र..................कार्यालयमा तपसिल अनुसारका कागजातहरु संगलग्न राखि आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ। यस सम्बन्धी थप जानकारी का लागि.................................मा सम्पर्क गर्न सकिने छ।

आवश्यक कागजात:

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि
२. कृषि व्यबसाय गर्ने अनुसूची अनुसारको प्रस्तावना
३. निजी फर्मको हकमा गत आ. व. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन फोटोकपी
४. निजी फर्मको हकमा गत आ.व. सम्म कर वुझाएको वा कर छुट भएको भए सम्वन्धित कार्यालयको प्रमाण
५. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी
६. प्रतिवद्धता पत्र
७. आयोजना सम्बन्धी अन्य आवश्यक कागजातहरु

डा. गोविन्द प्रसाद शर्मा
सचिव

प्रमुख सचिव

अनुसूची -३
(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

## अनुदानको लागि पेश गर्ने निवेदनको ढाँचा

मितिः

विषयः अनुदान उपलव्ध गराइदिनुहुन ।

श्रीमान् ........................... ज्यु

..........................................

महोदय

तहाँ मन्त्रालय/कार्यालयबाट मिति..........................मा प्रकाशित सूचना अनुसार सञ्चालन हुन लागेको .............................कार्यक्रमको उद्देश्य, लागत, समयावधि, लाभान्वित जनसंख्या लगायतको विवरण तपसिलमा उल्लेख गरिएको छ । कार्यक्रम सञ्चालन गर्न आर्थिक/वस्तुगत/लागत साझेदारी सहयोग आवश्यक परेको हुँदा अनुदान उपलव्ध गराइदिनुहुन अनुरोध गर्दछौं/छु ।

**तपसिलः**

अनुदानग्राहीको नामः

ठेगानाः

स्थानीय तहः

वडा नं

कार्यक्रमको नामः

कार्यक्रमको उद्देश्यः

अनुदान रकम आवश्यक पर्नुको कारणः

सञ्चालन गरिने कार्यक्रमः क्रमागत भए गत आ.व. सम्मको लेखापरीक्षण प्रतिवेदन

कार्यक्रम सञ्चालन गर्न लाग्ने कूल लागतः

कार्यक्रम सम्पन्न गर्न लाग्ने समयः

कार्यक्रम सञ्चालन गर्ने कार्ययोजनाः

कार्यक्रमबाट लाभान्वित जनसंख्याः

निवदेक

कृषक समुह/कृषि सहकारी संस्था/कृषि फार्म/ उद्यमी कृषक

अध्यक्ष/प्रतिनिधिको दस्तखतः

नाम थरः

पदः

सम्पर्क फोन नं

मितिः

संस्थाको छाप

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

डा. गोविन्द प्रसाद शर्मा
सचिव



नि. प्रेमराज सापकोटा

कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वीरेन्द्रनगर, नेपाल

अनुसूची – ४

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

**सम्झौताको ढाँचा**

यो सम्झौतापत्र............/मन्त्रालय/कार्यालय/केन्द्र (यस पछि पहिलो पक्ष भनिएको) र ................ कृषि फार्म /उद्यमी कृषक.............................गा.पा/नपा...................................वडानं......टोल (यस पछि दोस्रो पक्ष भनिएको) बीच तपसिलको शर्त वमोजिमको कुराहरुलाई पालना गर्ने कुरा मञ्जुर गरिन्छ ।

यो सम्झौता, सम्झौता भएको मिति ............ देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्तावना/इष्टिमेट वमोजिमको कार्य यथाशिघ्र संचालनगरि मितिः........साल........महिना.....गते सम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ।

१. यस सम्झौता बमोजिमको ............................. कार्यक्रम सञ्चालन सम्बन्धी सम्पूर्ण कार्य दोस्रो पक्ष आँफैले गर्नुपर्नेछ। दोस्रो पक्ष आँफैले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन।

२. सम्झौता वमोजिमको कार्य संचालन तथा सम्पन्नको लागि पहिलो पक्ष मार्फत अनुदान स्वरुप रु. (अक्षरेपी.................) र दोस्रो पक्षको लागत सहभागिता रु...........(अक्षरेपी) व्यहोरिने छ।

३. .दोस्रो पक्षले सम्झौता बमोजिमको ................................ कार्यक्रम अन्तरगत....................................व्यबसाय/उद्यम सञ्चालनका लागि सम्झौतामा समावेश गरिएको श्रोत वाहेक अन्य कुनै सरकारी, गैह्रसरकारी संघसंस्था वाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनुपर्ने छ।

४. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नुपर्ने छ।

५. दोस्रो पक्षले ....................कार्यक्रम अन्तर्गत........................व्यबसाय सञ्चालन सम्बन्धी कार्यको सार्वजनिक जानकारीका लागि Public Audit गराउनु पर्ने छ।

६. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिंदा प्रथम पक्ष समक्ष विल पेश भए पश्चात सम्बन्धित दोस्रो पक्षको नाममा एकाउन्ट पेई चेक मार्फत भुक्तानी दिनेछ।

७. दोस्रो पक्षको लापरवाहीको कारणवाट कार्यसम्पन्न नभई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ ।

८. दोस्रो पक्षले स्वीकृत प्रस्तावनाको कार्य तालिका बमोजिम .......... मिति सम्म यो सम्झौता वमोजिमको सम्पूर्ण कार्य (स्वीकृत प्रस्तावना/इष्टिमेट अनुसार) पूर्णरुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउनेछ।

९. सम्झौता बमोजिमको कार्यगर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिने छ।

१०. कार्यविधिको खण्डबाट सम्झौतामा अनिवार्य उल्लेख हुनुपर्ने विषयहरू

११. कार्यक्रमसंग प्रासङ्गिक अन्य विषयहरू (आवश्यक भएमा)

१२. कार्यक्रमको विस्तृत ल.इ. डिजाइन संलग्न बमोजिम हुनेछ ।

१३. भुक्तानी हुने खाता नम्वरः

नामः

खाता नम्वरः

डा. गोविन्द प्रसाद शर्मा
सचिव



प्रमुख सचिव

१४. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस वमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुने छ।

| | |
|---|---|
| **पहिलोपक्ष** | **दोस्रो पक्ष** |
| दस्तखत | दस्तखत |
| नाम | नाम |
| पद | पद |
| मिति | मिति |
| कार्यलयकोछाप | संस्थाकोछाप |

**रोहवर**

| | |
|---|---|
| दस्तखत | दस्तखत |
| नाम | नाम |
| ठेगाना | ठेगाना |
| मिति | मिति |

मितिः २०७..।....महिना ।....गते

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

डा. गोविन्द प्रसाद शर्मा
सचिव

प्रमुख सचिव

अनुसूची ५

( दफा ९को उपदफा (४) सँग सम्बन्धित)

# होर्डिङ्ग वोर्ड

(साइजः ५ फिट x ४ फिट)

कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

..........................विकास निर्देशनालय

..................कार्यालय,.................

१.आयोजनाको नामः

२.आयोजना सञ्चालनगर्ने व्यक्ति/फर्म/ सहकारी/संस्थाको नामः

३.ठेगानाः

४.आयोजनाको कूल लागतः रू

५.अनुदान रकमः रू

६.अनुदानग्राहीको सहभागिताः रू

७.अन्य साझेदार निकायको सहभागिताः रू

८.आयोजनाको अवधीः२०७७।...।.... देखि २०७८।....।....

९.लाभग्राहीहरूको संख्याः.........महिला..........पुरूष ........अन्य

डा. गोविन्द प्रसाद शर्मा
सचिव

प्रमुख सचिव

अनुसूची - ६

(दफा १६ को उपदफा (१) सँग सम्बन्धित)

## चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदनको ढाँचा

आर्थिक बर्ष: २०७७।७८

जिल्लाः ..............

कार्यक्रमको नामः ............

अनुदानग्राहीको नामः .................

अनुदानग्राहीको फर्म वा कम्पनीको नाम र ठेगानाः

सम्पर्क नं. ..............

अनुदान रकमः रू..............

साझेदारी लागतः रू..................

कूल लागतः रू...................

कार्यक्रम अवधीः ................

| क्र. सं. | कार्यक्रमका प्रमुख क्रियाकलापहरू | लक्ष | | प्रगति | | प्रगति हुन नसक्नुका कारण | सञ्चालित कार्यक्रमबाट देखिएको उपलव्धी |
|---|---|---|---|---|---|---|---|
| | | भौतिक | वित्तिय | भौतिक | वित्तिय | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |

डा. गोविन्द प्रसाद शर्मा
सचिव

प्रमुख सचिव

# कार्यक्रमहरू र खर्चको मापदण्ड

(दफा ३ को उपदफा (३) बमोजिम)

| क सं | अनुदान प्रवाह गरिने विषयहरू |
|---|---|
| क | जिविकोपार्जन तथा सिमान्तकृत कृषक लक्षित कार्यक्रमहरु |
| १ | **क.कार्यक्रमको नामः किसान सरकार हातेमालो कार्यकम** |
| | **ख.उद्देश्यः**<br>१. अति विपन्न किसानको सहभागितामा स्थानीय सम्भाव्यता र आवश्यकताको आधारमा आयआर्जन कार्यक्रम सञ्चालनगरी कृषकको जीवनस्तर सुधार गर्ने |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.कृषि तथा पशुपन्छीजन्य वस्तुहरूको उत्पादन, प्रशोधन, प्याकेजिङ्ग तथा बजारीकरण<br>२.सामुहिक/सहकारी/करारखेती<br>३.लघु उद्योग स्थापना, सञ्चालन र व्यवस्थापन<br>४.बिउ विजन उत्पादन तथा बिक्रि वितरण<br>५.संकलन केन्द्र, हाटबजार निर्माण तथा कृषि र पशुपन्छीजन्य वस्तुहरूको खरिद विक्रि<br>६.सीपमूलक तालिम र जनचेतनामूलक कार्यक्रम<br>७.कृषि सिंचाई निर्माण, सञ्चालन तथा व्यवस्थापन |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>१. ८५ प्रतिशत (प्रति कार्यक्रम अधिकतम रू पच्चीस लाख) |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१.जिल्ला भित्रको सबैभन्दा बढी गरिवी भएको पालिका र सो को पनि सवैभन्दा बढी गरिवी भएको वडा/गाउँ/समुदाय<br>२.न्यूनतम ३० घरधुरीलाई समेटिनुपर्ने<br>३.कम्तिमा दुई आर्थिक बर्ष कार्यक्रम सञ्चालन गरिनु पर्ने । तेश्रो बर्ष फलोअपको रूपमा कम्तिमा ३० प्रतिशत बजेट बिनियोजन गर्नुपर्नेछ ।<br>४. एक पालिकामा दुईवटा प्याकेज भन्दा बढी कार्य्रकम सञ्चालन गरिने छैन । गरिवीको दर को आधारमा क्रमशः अर्को पालिकामा विस्तार गर्न सकिने छ ।<br>५.स्थानीय सम्भाव्यता र आवश्यकताको आधारमा जनप्रतिनिधी तथा सेवाग्राहीको सकृय सहभागितामा समन्वय र सञ्चालक समिति गठनगरी कार्यक्रम तर्जुमा गर्नुपर्ने ।<br>६.सम्भव भएसम्म स्थानीय स्रोत, साधन, सीप, क्षमता र जनशक्तिको प्रयोग गर्नुपर्ने । |

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, कर्णाली

डा. गोविन्द प्रसाद शर्मा
सचिव

कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

| | |
|---|---|
| २ | क.कार्यक्रमको नामः लक्षितवर्ग अर्गानिक कृषि प्रबर्द्धन कार्यक्रम |
| | ख.उद्देश्यः<br>१. दलित, अति विपन्न तथा लक्षित वर्गका कृषकहरूको पहिचान गरी अर्गानिक कृषिको माध्यमबाट आय आर्जन बृध्दि गर्ने<br>२. कृषकलाई अर्गानिककृषि तर्फ आकर्षित गर्ने |
| | ग.प्रमुख क्रियाकलापहरूः<br>१.कृषि तथा पशुपंछीजन्य वस्तुहरूको उत्पादन, प्रशोधन, प्याकेजिंग, बजारीकरण, भण्डारण, सिंचाई पूर्वाधार निर्माण<br>२.सामुहिक/सहकारी/करार खेती,<br>३.लघु उद्योग<br>४.सीप विकास |
| | घ.अनुदान रकम र अधिकतम सीमाः<br>१. ८५ प्रतिशत ( अधिकतम रू ४० लाख (समुदायको लागि)) |
| | ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः<br>१.वर्षको ३ महिना सम्मलाई मात्र खानपुग्ने अवस्थामा भएका लक्षित वर्ग समुदाय<br>२.अति विपन्न तथा दलित समुदाय बसोवास भएको गाउँ<br>३.न्यूनतम ४० घरधुरी भएको<br>४.एकै भूगोलसंग जोडिएको वस्ती<br>५. स्थानीय सम्भाव्यता र आवश्यकताको आधारमा जनप्रतिनिधी तथा सेवाग्राहीको सकृय सहभागितामा योजना तर्जुमा, समन्वय र सञ्चालक समिति गठन गरी कार्यक्रम तर्जुमा गर्नुपर्ने |
| ३ | क.कार्यक्रमको नामः अनिवार्य न्यूनतम आय आर्जन कार्यक्रम |
| | ख.उद्देश्यः<br>१. लक्षित परिवारको क्षमता, सम्भाव्यता, रूची र आवश्यकता अनुसार सुहाउंदो विकल्प सहितको व्यावसायिक योजना सञ्चालन गराई उनीहरूको आय आर्जन बृध्दि गराउने<br>२.लक्षित परिवारको बार्षिक औषत आय पाँच बर्ष भित्रमा नेपालको हालको बार्षिक औषत १०८३ डलर सम्म पुर्याउने |
| | ग.प्रमुख क्रियाकलापहरूः<br>१.पशुपन्छी पालनः बाख्रा पालन, गाईभैंसी पालन, कुखुरा पालन, वंगुर पालन, माछा पालन<br>२.व्यावसायिक तरकारी, फलफूल, च्याउ र उच्च मूल्यका वालीहरूको खेती |

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

डा. गोविन्द प्रसाद शर्मा
सचिव



प्रमुख सचिव

कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वीरेन्द्रनगर, नेपाल

| | |
|---|---|
| | ३.होमस्टे<br>४.गैह्र कृषि क्षेत्र<br>५.सीप विकास कार्यक्रम<br>६. सामुहिक आय आर्जन कार्यक्रम |
| | **घ.अनुदान रकम र अधिकतम सीमा:**<br>१.आयआर्जनजन्यकार्यक्रममाशतप्रतिशत (प्रति घर परिवार रू एक लाख सम्म)<br>२.कृषिजन्यनिर्माणकृयाकलापहरुमाअधिकतम ८५प्रतिशत |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषय:**<br>१.गरिवीको दर बढी भएका<br>२.कृषक वर्गीकरण<br>३.न्यून आय भएका ३० देखि १५० घरधुरी<br>४.पारिवारिक बार्षिक औषत आय राष्ट्रिय औषत आयभन्दा कम भएको पकेट<br>५. कर्णाली प्रदेश योजना आयोगसंगको समन्वयमा सञ्चालन गरिने |
| ४ | **क.कार्यक्रमको नाम: भौचर प्रणाली मार्फत कृषि प्रसार सेवा प्रवाह** |
| | **ख.उद्देश्य:**<br>१.लक्षित वर्गका कृषकहरूलाई कृषि सामग्री र कृषि प्रसार सेवामा पहुँच विस्तार गर्ने<br>२.गुणस्तरिय कृषि सामग्रीको उपयोगबाट उत्पादन बृध्दिमा सहयोग पुर्याउने<br>३.कृषि अनुदान प्रणालीलाई क्रमश अनुमानयोग्य, व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउने |
| | **ग.प्रमुख क्रियाकलापहरू:**<br>१.कृषक वर्गीकरण र अभिलेखीकरण<br>२.नीजि सेवा प्रदायकहरूको छनौट र परिचालन<br>३ लक्षित वर्गका कृषकहरूमा भौचर प्रणाली मार्फत सुलभ मूल्यमा गुणस्तरीय कृषि सामग्री वितरण र कृषि प्रसार सेवा प्रवाह |
| | **घ.अनुदान रकम र अधिकतम सीमा:**<br>१.प्राविधिक सेवामा मध्यम कृषक, साना कृषक र भूमिहीन श्रमिक कृषकहरूले प्रति कृषक बार्षिक सेवा प्राप्तीमा छुट रू ५,०००।<br>२.कृषि सामग्रीको हकमा मध्यम कृषक, साना कृषक र भूमिहीन श्रमिक कृषकहरूले प्रति कृषक बार्षिक छुट रू १५,०००। |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषय:**<br>१.लक्षित वर्ग (मध्यम कृषक, साना कृषक र भूमिहीन श्रमिक)<br>२.स्थानीय निजी सेवा प्रदायक (एग्रोभेट सञ्चालक, स्वतन्त्र परामर्शदाता/ सेवा निवृत्त |

डा. गोविन्द प्रसाद शर्मा
सचिव

प्रमुख सचिव

| | |
|---|---|
| | प्राविधिक, नर्सरी धनी, श्रोतकेन्द्र सञ्चालक, प्रयोगशाला, पशु सेवा क्लिनिक, प्राविधिक शिक्षण संस्थाका कृषि/पशुस्वास्थ प्राविधिक) मार्फत सेवा दिने व्यवस्था मिलाउने ।<br>३.प्यान/भ्याट नम्वर<br>४.मन्त्रालय मातहत निकायमा सेवाप्रदायक सूचीकृत हुनुपर्ने |
| ५ | **क. कार्यक्रमको नामः जीविकोपार्जनको लागि सहुलियतपूर्ण ऋण** |
| | **ख.उद्देश्यः**<br>१.सीमान्त, भूमिहीन तथा अति विपन्न कृषक एवं कृषक मजदुरलाई चलनचल्तीको सरकारी ब्याजदर भन्दा न्यून ब्याजदर वा सून्य प्रतिशत ब्याजदरमा ऋण प्रवाहगरी आयमूलक कृषि तथा पशुपन्छी उत्पादन, उद्यम, बजारीकरण लगायतका व्यवसायलाई टेवा पुर्याउने<br>२.अति विपन्न कृषक परिवारलाई खेतीको समयमा चाहिने पूंजीमा पहुँच बृध्दि गर्ने<br>३.कृषि तथा गैह्र कृषि क्षेत्रमा कृषकको पहुँच बृध्दिगरी आयमूलक कार्यक्रम मार्फत गरिवी निवारणमा टेवा पुर्याउने |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.सहुलियत कर्जा |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>१.प्रति परिवार रू दश लाख सम्मको न्यूनतम प्रतिशत व्याज दरमा बढीमा तीन बर्ष अवधिको लागि सहुलियत कर्जा उपलव्ध गराइनेछ ।<br>३.सहुलियत कर्जा लिने कृषकलाई कुनै प्रकारको सेवा शुल्क लाग्ने छैन । |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१.कृषि विकास बैंक, साना किसान लघुवित्त संस्था, सहकारी विकास बैंक, वित्तीय सहकारीहरू मार्फत ऋण प्रवाह गर्ने<br>२.ऋण प्रवाह सहकारी संस्था मार्फत गरिने र कृषकहरू सहकारी संस्थामा आबध्द भएको हुनुपर्ने<br>३.कृषक सहकारी संस्थाबाट तयार पारिएको कर्जाको लागि संक्षिप्त परियोजना प्रस्ताव<br>४.उपलव्ध गराइने अनुदानपूर्ण ऋणको लागि आवश्यक बजेट मन्त्रालयले बार्षिक कार्यक्रममा स्वीकृत गराउनुपर्नेछ ।<br>५.लगानीका क्षेत्र, सेवा शुल्क, सेवा प्रवाह लगायतका शर्त सहितको लघुवित्त संस्था वा बैंकसंगको समझदारी पत्र ।<br>६.आर्थिक मामिला तथा योजना मन्त्रालयको अनिवार्य स्वीकृति |
| ख | कृषि उत्पादन र उत्पादकत्व वृद्रि लक्षित कार्यक्रमहरु |



कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल
डा. गोविन्द प्रसाद शर्मा
सचिव

| | |
|---|---|
| ६ | **क.कार्यक्रमको नामः बीउ उत्पादन कार्यक्रम (खाद्यान्न, तरकारी, मसलाबाली, आलुबाली, जरेबाली आदी)** |
| | **ख.उद्देश्यः**<br>१.विभिन्न बालीनालीहरुको गुणस्तरीय बीउ उत्पादन गरी कृषक समुह तथा सहकारीहरुको आम्दानी वृद्धि गरि प्रदेशलाई बीउमा आत्मनिर्भर गराउने ।<br>२.वैदेशिक पलायनलाई निरुत्साहित गरि स्थानिय स्वरोजगार सृजना गर्ने । |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>• बीउ उत्पादन कार्यक्रम ।<br>• बीउ प्रशोधन उद्योगमा सहयोग गर्ने ।<br>• बीउ उत्पादनमा लागत न्यूनिकरणका लागि यान्त्रीकरण ।<br>• ग्रेडिङ्ग, प्याकेजिङङ्ग, लेवलिङ्ग । |
| | **घ. कार्यक्रम बजेट र अधिकतम सीमाः**<br>अधिकतमः रु ३० लाख<br>बीउ उत्पादन कार्यक्रममा संलग्न समुह तथा सहकारीहरुलाई जिल्ला स्तरीय तालीम कार्यक्रम, मेसनरी सहयोग, मूल बीउ खरीद, बीउ प्याकेजिङ्ग बोरा, यान्त्रीकरण कार्यक्रम, सार्वजनिक होर्डिङ बोर्ड, बीउ भण्डारण गोदम, खडाबाली निरीक्षण लगायत अन्य प्राविधिक खर्चका लागी समुह/सहकारी भएमा ७०% अनुदान र नीजि फार्म भएमा ५०% अनुदान |
| | **ङ. न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>• तोकिए अनुसारको गुणस्तरीय बीउ भएको हुनु पर्ने ।<br>• बैधानिक रुपमा बीउ उत्पादन गर्ने भनि दर्ता भएको हुनु पर्ने ।<br>• बीउ उत्पादन सम्बन्धि प्राविधिक ज्ञान भएको हुनु पर्ने ।<br>• बीउ उत्पादन कृषक संजाल बनाएको हुनु पर्ने ।<br>• कृषक समुह तथा सहकारीले बीउ प्रशोधनका लागि भवन बनाएको हुनु पर्ने ।<br>• लेबलिङ्ग, प्याकेजिङ्ग साथै टयागिङ्ग गरेको हुनु पर्ने<br>• बाली अनुसार खाद्यान्नको सन्दर्भमा न्यूतनम ३ हेक्टर र तरकारीको सन्दर्भमा न्यनतम ५ रोपनीमा बीउ उत्पादन कार्य गरेको हुनु पर्ने । |
| ७ | **क.कार्यक्रमको नामः रैथाने पशुपन्छी संरक्षण सम्बर्द्धन र उपयोग कार्यक्रम** |
| | **ख.उद्देश्यः**<br>१.स्थानीय नश्लका पशुपन्छीको आनुवांशिक स्रोत संरक्षण तथा प्रवर्धनका लागि नश्ल पहिचान तथा स्थान छनौट गरी स्व-स्थानमै वा अनुकुल हुने स्थानमा स्व-जातीय सुधारका |



डा. गोविन्द प्रसाद शर्मा
सचिव

प्रमुख सचिव

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

| | |
|---|---|
| | माध्यमले उत्पादन र उत्पादकत्व वृद्धि गर्दै संलग्न कृषक एवं जनसमुदायको क्षमता अभिवृद्धि गरि स्वरोजगार तथा आर्य आर्जनमा अभिवृद्धि गरि जीवनस्तर सुधार गर्ने । |
| | **ग.प्रमुख क्रियाकलापहरू:**<br>१. पशुपन्छी अनुवांशिकी श्रोतको तथ्यांक सहितको आधारभूत तथ्यांक संकलन<br>२. कार्यक्रम संचालन गरिने पशु नश्लको आधारभूत तथा नश्ल विशेष चरित्र प्राविधिक मापदण्ड र परम्परागत ज्ञान, सिप तथा प्रविधिको अध्ययन तथा संकलन<br>३. उच्च गुण भएका स्थानीय जातका भाले/पोथी पशुपन्छीको व्यवस्था, प्रजनन् तथा छनौट प्रणाली र प्राकृतिक गर्भाधान प्रक्रियाबाट नश्ल सुधार कार्यक्रम र संभव भए राष्ट्रिय पशु प्रजनन् केन्द्रको समन्वयमा स्वजातका सिमेन प्रयोग गरि कृत्रिम गर्भाधान कार्यक्रम समेत ।<br>४. पशुपन्छी व्यवस्थापन खोर गोठ निर्माण सुधार ।<br>५. चरन खर्क सुधार व्यवस्थापन, दाना,डालेघाँस, घाँस खेती विस्तार तथा पशुपन्छी आहारा गुणस्तर वृद्धि कार्यक्रम (मिनरल ब्लक, साईलेज, हे आदि) गर्ने ।<br>६. पशुस्वास्थ्य व्यवस्थापन र रोग नियन्त्रण कार्यक्रम<br>७. उत्पादित स्थानीय पशुजन्य पदार्थको बजार व्यवस्था, विविधिकरण र मूल्य अभिवृद्धि सम्बन्धि कार्यक्रम ।<br>८. सचेतना/ अभिमूखिकरण र क्षमता अभिवृद्धि कार्यक्रम । |
| | **घ. कार्यक्रम बजेट र अधिकतम सीमा:**<br>१ अधिकतम साझेदारी रकम ७० प्रतिशत र समूह / समिति / सहकारीको ३०प्रतिशत हुनेछ । |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषय:**<br>१.आयातित नश्लका पशुपन्छीको तुलनामा स्थानीय पशुपन्छीको संख्या उल्लेखनिय संख्यामा वढी भएको ।<br>२.दुधालु पशुको हकमा उन्नत नश्लका पशु उत्पादन कार्यक्रम वा पशु नश्ल सुधार कार्यक्रमले नसमेटेको क्षेत्र ।<br>३.कार्यक्रम कार्यान्वयन क्षेत्रमा छनौट भएको नश्ल बाहेक उक्त नश्ल सँग प्रजनन हुन सक्ने अन्य कुनै पनि नश्लका वयष्क भाले पशु नपाल्नेरपाल्नैपर्ने भएमा संरक्षित नश्लका पशुसंगप्रजनन नगरी त्यसै नश्ल भित्र मात्रै प्रजनन गर्ने सामुहिक प्रतिवद्धता पेशभएकोस्थान।<br>४.पशुपन्छीजन्य पदार्थहरुको विक्रि वितरणको लागि बजारको पहुँच रहेका वा बजार विस्तार गर्न संभावित स्थानहरु रहेको ।<br>५. भौगोलिक अवस्था, हावापानी, वातावरणको दृष्टिकोणबाट स्थानीय नश्लहरुको संरक्षण र विकासको लागि अनुकुल रहेका क्षेत्र वा स्थानहरु ।<br>६. रैथानै पशुपन्छी: लुलु र याक जातका गाई, लिमे र पारकोटे जातका भैसी, भ्याङ्लुङ, |

डा. गोविन्द प्रसाद शर्मा
सचिव

प्रमुख सचिव

| | |
|---|---|
| | वरुवाल र कागे जातका भेडा, खरी, सिन्हाल र च्याङ्ग्रा जातका बाख्रा, हुर्रा र च्वाँचे जातका सुँगुर र साकिनी, घाँटी खूइले र प्वाख उल्टे जातका कुखुरा। |
| ८ | क.कार्यक्रमको नाम: भकारो सुधार कार्यक्रम |
| | ख.उद्देश्य:<br>• पशु स्वास्थ्यमा सुधार गरि स्वस्थ पशुजन्य उत्पादनमा वृद्धि गर्ने ।<br>• पशु मुत्र संकलन गरि प्राङ्गारिक उत्पादनमा वृद्धि गर्ने ।<br>• सुधारीएको छाना निर्माण गरि मलबाट हुने बोट विरुवाको लागी चाहिने खाद्य तत्व नोक्सानी घटाउने<br>• घर वरिपरिको बातावरण सफा र स्वच्छ राख्ने । |
| | ग.प्रमुख क्रियाकलापहरू:<br>• सिमेन्टेड भकारो निर्माण ।<br>• भकारोमा म्याट विच्छाउने ।<br>• घाम पानीबाट मलखादलाई बचाउन छानो हाल्ने ।<br>• मुत्र संकलनका लागी टयाङ्की निर्माण र ड्रम वितरण आदी। |
| | घ. कार्यक्रम बजेट र अधिकतम सीमा:<br>प्रति भकारो सुधारमा: अधिकतम रु ३० हजार अनुदान<br>सिमेन्ट, बालुवा, सरिया,काठ, जस्ता/खर, सिमेन्टेड टयाङ्की, प्लाष्टिक ड्रम आदीका लागी समुह/सहकारी भएमा ७०% अनुदान र नीजि फार्म भएमा ५०% अनुदान |
| | ङ. न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषय:<br>• न्यूनतम २ वटा पशु वस्तु वस्ने गोठ हुनु पर्ने ।<br>• पशु स्वास्थ्यलाई स्वस्थ राख्न बलियो म्याट प्रति पशु हुनु पर्ने ।<br>• मुत्र संकलनलाई प्राथमिकता दिएको हुनु पर्ने ।<br>• मलखादलाई घाम पानीबाट बचाउन खर या जस्ताको छाना भएको हुनु पर्ने ।<br>• उत्पादित मुत्रलाई तरकारी बालीमा अनिवार्य प्रयोग गर्ने ब्यवस्था हुनु पर्ने ।<br>• मुत्र संकलनका लागी एउटा अतिरिक्त ड्रमको ब्यवस्था हुनु पर्ने । |
| ९ | क.कार्यक्रमको नाम: खाद्य सुरक्षाका लागि उत्पादन विशेष कार्यकम |
| | ख.उद्देश्य:<br>१.खाद्यसुरक्षामा प्रतिकूल प्रभाव पार्न नदिन बाँझो जग्गा/वगर जग्गा/खेर गएका ऐलानी/बुटयान / पर्ती जग्गाको समेत समुचित उपयोग गरी कृषकहरूको कृषि उत्पादन र आयआर्जन बढाई खाद्य सुरक्षामा टेवा पुर्याउने |

डा. गोविन्द प्रसाद शर्मा
सचिव

नि. प्रमुख सचिव

ग.प्रमुख क्रियाकलापहरूः

१.गह्रा सुधार गरी खेती कार्य गर्ने

२.जग्गा भाडा वा करारमा लिई व्यावसायिक खेती प्रबर्द्धन गर्ने

३.खाद्यान्न, दलहन, मसलावाली, नगदेवाली, घाँसवाली लगायतको खेती

४.फलफूल रोपण

५.प्लाष्टिक घर निर्माण

घ.अनुदान रकम र अधिकतम सीमाः ( प्रति रोपनीका हिसावमा राखिएको )

| क्रसं | क्रियाकलाप | इकाई | संख्या | खर्च गर्ने नर्म्स |
|---|---|---|---|---|
| क | गह्रा सुधार | | | |
| १ | गह्रा निर्माण तथा सुधारमा मानव श्रम | जना | ४ | स्थानीय दररेट |
| २ | खाद्यान्न, दलहन लगायतका बालीहरूको बिउ विजन खरिद | पटक | १ | बढीमा रू.दुई हजार |
| ३ | फलफुल रोपण कार्यका लागि वेर्ना | संख्या | ३० | सरकारी दररेट |
| ४ | फलफुल रोपण कार्यका लागि खाडल खन्ने कार्यमा मानव श्रम प्रयोग | संख्या | ५ | स्थानीय दररेट |
| ५ | कम्पोष्ट खाडल निर्माणका लागि मानव श्रम | संख्या | ३ | सरकारी दररेट |
| ६ | जैविक मल | किग्रा | ६० | बढीमा रू.दुई हजार |
| ७ | कृषि सामग्रीहरूको ढुवानी | पटक | १ | बिल भरपाई |
| ख | बाँझो वा सार्वजनिक विद्यालय सामुदिक वनको जग्गा उपयोग | | | |
| १ | ट्रयाक्टर पावर ट्रिलर लगाइ बाँझो जग्गा खनजोत गर्ने कार्य | पटक | १ | जिल्ला स्थानीय मेशिनरी प्रयोगको दररेट |
| २ | मेशिन प्रयोग नहुने स्थानमा मानव श्रमको प्रयोगबाट बाँझो जग्गा खनजोत गर्ने कार्य | जना | ४ | स्थानीय दररेट |
| ३ | खाद्यान्न, दलहन लगायतका बालीहरूको बिउ विजन खरिद | पटक | १ | बढीमा रू.दुई हजार |
| ४ | फलफुल रोपण कार्यका लागि वेर्ना | संख्या | ३० | |

| | | | | |
|---|---|---|---|---|
| ५ | फलफुल रोपण कार्यका लागि खाडल खन्ने कार्य | जना | ५ | |
| ६ | जैविक मल | किग्रा | ६० | बढीमा रू.दुई हजार |
| ७ | कम्पोष्ट खाडल निर्माणमा मानव श्रम | जना | ३ | |
| ८ | कृषि सामग्रीहरूको ढुवानी | पटक | १ | |
| ग | प्लाष्टिक घर निर्माण | | | |
| १ | ५० (१०x५)वर्ग मीटर साइजको प्लाष्टिक घर निर्माण (साविकका कर्णालीका ५ जिल्ला) ढुवानी समेत | संख्या | १ | लागत साझेदारीमा ५० प्रतिशत वा बढीमा रू ६० हजार सम्म प्रति प्लाष्टिक घर |
| | ७२ (१२x६)वर्ग मीटर साइजको प्लाष्टिक घर निर्माण (साविकका कर्णाली बाहेकका ५ जिल्ला) ढुवानी समेत | संख्या | १ | लागत साझेदारीमा ५० प्रतिशत वा बढीमा रू ६० हजार सम्म प्रति प्लाष्टिक घर |

**ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**

१.हरेक स्थानीय तहमा अधिकतम पाँच वटा प्लाष्टिक घर

२.निर्धारित साइजको घरः ५० वर्ग मिटर (१०x५) वा ७२ वर्ग मिटर (१२x६)

३.जैविक मलको प्रयोग

४.ज्याला जिल्ला दररेट तथा स्थानीय दररेट अनुसार भुक्तानी गर्नुपर्ने

५.आयातित बिरूवाको हकमा प्रमाणित बजार मूल्यका आधारमा मात्र भुक्तानी दिइनेछ ।

१० क. कार्यक्रमको नामः साझेदारीमा आधारित एक स्थानीय तह एक (कृषि /पशुसेवा) वाली उत्पादन विशेष कार्यक्रम

**ख.उद्देश्यः**

१.व्यावसायिक क्षेत्रमा एकिकृत कृषि सेवा उपलब्ध गराई कृषि उपजको उत्पादन तथा



डा. गोविन्द प्रसाद शर्मा
सचिव

प्रमुख सचिव

| | |
|---|---|
| | उत्पादकत्व बृध्दि गर्ने<br>२.तोकिएको वाली वस्तुको व्यावसायिकरण गर्ने<br>३.पकेट क्षेत्रको विकासमा सडक, सिंचाई, विद्युत, वित्तीय संस्था तथा बजार पूर्वाधारसंग तालमेल गर्ने |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.कृषि, पशुपन्छी तथा मत्स्य उत्पादन प्रविधि प्रदर्शन<br>२.उत्पादन सामग्री तथा प्राविधिक सहयोग विस्तार<br>३.कृषि/पशुपन्छी/मत्स्य उत्पादन तथा अभियानमूलक उत्पादन कार्यक्रम<br>४.वालीवस्तुको स्वास्थ्य, संरक्षण तथा सुरक्षा सम्बन्धि क्रियाकलाप<br>५.चक्लावन्दि, सामुहिक खेती, कराररखेती सञ्चालन<br>६.मेशिनरी तथा औजार उपकरण<br>७.प्रारम्भिक प्रशोधनका पूर्वाधार विकास<br>८.सिंचाई पूर्वाधार निर्माण तथा मर्मत सम्भार |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>१.अधिकतम रू. ५० लाख प्रति पालिका<br>कृषि पकेट तर्फः रू.२० लाख<br>पशुपन्छी पकेट तर्फःरू. ३० लाख<br>२. लागत सहभागिताः ७०:३० |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१.पकेट क्षेत्र छनौटको लागि समिति गठन गर्ने<br>२.उपभोक्ताहरूबाट पकेट सञ्चालक समिति गठन<br>३.पकेट क्षेत्र( सम्भाव्य वाली/वस्तुमा न्यूनतम खाद्यान्न वाली/फलफुलमा १५ हेक्टरमा, तरकारीमा ५ हेक्टर वा न्यूनतम ५०० घार मौरी वा न्यूनतम १००० किलो बिउ उपयोग गरी गरिएको च्याउ खेती वा कम्तीमा १ हेक्टर क्षेत्रफलमा फैलिएको प्लाष्टिक घर वा न्यूनतम ६ हेक्टर जलाशय भएको माछापालन वा न्यूनतम १५०० वर्ग मीटर जलाशय क्षेत्रफलमा रेन्वो ट्राउट माछापालन वा १०० उन्नत गाई/ भैंसी, १०,००० कुखुरा वा १००० वाख्रा/भेंडा/च्यांग्रा वा २०० वंगुर) मा कृषि उत्पादन वा पशुपन्छी तथा मत्स्य पालन गर्न सकिने स्थानमा मात्र पकेट कार्यक्रम सञ्चालन गर्ने ।<br>४. कार्यालयले प्राविधिकको व्यवस्था गर्ने छ ।<br>५. पकेट कार्यक्रम सम्पन्न गर्न निरन्तर तीन वर्ष कार्यक्रम सञ्चालन गरिने छ ।<br>६.विगतमा पकेट, व्लक जस्ता कार्यक्रम सञ्चालन नगरिएको क्षेत्रलाइ प्राथमिकता दिइने छ |



डा. गोविन्द प्रसाद शर्मा

| | |
|---|---|
| ११ | क.कार्यक्रमको नामः सहकारी नमूना गाउँ स्थापना, सञ्चालन र व्यवस्थापन |
| | ख.उद्देश्यः<br>१.आर्थिक, सामाजिक, भौगोलिक, साँस्कृतिक तथा ऐतिहासिक पक्षका आधारमा कृषि तथा पशुजन्य उत्पादनको पर्याप्त सम्भावना भएको क्षेत्रमा सञ्चालित सहकारी संस्था मार्फत समुदायको एकीकृत विकासको लागि नमूनागाउँको रूपमा विकास गर्ने |
| | ग.प्रमुख क्रियाकलापहरूः<br>१.कृषि तथा पशुपन्छीजन्य वस्तुको उत्पादन, प्रशोधन, प्याकेजिङ्ग तथा बजारीकरण सम्बन्धी<br>२.सहकारी खेती<br>३.साना घरेलु तथा मझौला उद्योगहरू स्थापना, सञ्चालन र व्यवस्थापन<br>४.बिउविजन उत्पादन तथा वितरण<br>५.होमस्टे स्थापना तथा सञ्चालन<br>६.जनचेतना अभिबृध्दि र क्षमता विकास<br>७.कृषि पूर्वाधार निर्माण |
| | घ.अनुदान रकम र अधिकतम सीमाः<br>१. सत्तरी प्रतिशत (अधिकतम रू एक करोड) |
| | ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः<br>१.संस्था दर्ता प्रमाणपत्र<br>२.सहकारी संस्थाको संस्थागत निर्णय<br>३.परियोजना प्रस्ताव<br>४.लेखापरीक्षण प्रतिवेदन<br>५.करचुक्ता प्रमाणपत्र<br>६.सहकारी नमूना गाउँ सञ्चालन समिति निर्माण |
| १२ | क.कार्यक्रमको नामः महिला सहकारी मार्फत उत्पादन तथा उद्यम प्रबर्द्धन |
| | ख.उद्देश्यः<br>१.सहकारीका सदस्यहरूलाई कृषि उत्पादन कार्यमा संलग्न गराई उनीहरूको आय आर्जनमा बृध्दि गराउन सहयोग गर्ने<br>२.महिलाहरूको स्वरोजगारको अवसर सिर्जना गर्ने<br>३.महिला सहकारीको प्रबर्द्धन तथा सशक्तिकरण गर्ने |
| | ग.प्रमुख क्रियाकलापहरूः<br>१.कृषि वालीहरू ( तरकारी, फलफूल, बिउ, उच्च मूल्यका बाली, मौरी) मा आधारित |

डा. गोविन्द प्रसाद शर्मा
सचिव

| | |
|---|---|
| | उत्पादन कार्यक्रमहरू<br>२.मत्स्य तथा पशुपंछीपालन (भैंसी, गाई, भेंडा/बाख्रा/च्यांग्रा, कुखुरा/हाँस/मत्स्य)<br>३.कृषि तथा पशुवस्तुहरूको बजारीकरण<br>४.पशु तथा पशुजन्य वस्तुको बिक्रि वितरण<br>५.कृषि तथा पशुपन्छीजन्य साना एवं मझौला घरेलु उद्योग<br>६.सुपथ लगायत साना खालका पसलहरू |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>१.व्यावसायिक योजनाको कूल लागतको ७० प्रतिशत(अधिकतम रू १७ लाख ५० हजार) |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१.संस्था दर्ता प्रमाणपत्र<br>२.सहकारी संस्थाको संस्थागत निर्णय<br>३.परियोजना प्रस्ताव<br>४.लेखापरीक्षण प्रतिवेदन<br>५.करचुक्ता प्रमाणपत्र |
| १३ | **क.कार्यक्रमको नामः महिला सहकारी संस्था मार्फत बिउ पुँजी तथा घुम्तीकोष सञ्चालन** |
| | **ख.उद्देश्यः**<br>१.सहकारीका सदस्यहरूलाई कृषि उत्पादन कार्यमा संलग्न गराई उनीहरूको आय आर्जनमा बृध्दि गराउन सहयोग गर्ने<br>२.महिलाहरूको स्वरोजगारको अवसर सिर्जना गर्ने<br>३.महिला सहकारीको प्रवर्द्धन तथा सशक्तिकरण गर्ने |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.कृषि वालीहरू (तरकारी, फलफूल, बिउ, उच्च मूल्यका बाली, मौरी) मा आधारित उत्पादन कार्यक्रमहरू<br>२.पशुपंछी तथा मत्स्यपालन (भैंसी, गाई, बाख्रा, भेंडा, कुखुरा, हाँस, बट्टाई, माछा)<br>३.कृषि तथा पशुवस्तुहरूको प्रशोधन र बजारीकरण<br>४.पशु तथा पशुजन्य वस्तुको बिक्रि वितरण<br>५.कृषिजन्य घरेलु उद्योग<br>६.कोशेली गृह स्थापना र सञ्चालन<br>७.सिलाई कटाई, कुटानी पिसानी आदि |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>१.प्रति सहकारी बढीमा रू १० लाख |

डा. गोविन्द प्रसाद शर्मा
सचिव



नि. प्रमुख सचिव

२.बिउ पुँजी तथा घुम्तीकोषमा सहकारी संस्थाको तर्फबाट २० प्रतिशत रकम अनिवार्यरूपमा राख्नुपर्नेछ ।

**ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**

१.परियोजना प्रस्ताव

२.संस्था दर्ताको प्रमाणपत्र

३.लेखापरीक्षण प्रतिवेदन

४.सहकारी संस्था मार्फत बिउ पुँजी तथा घुम्ती कोष सञ्चालन कार्यक्रम गर्ने संस्थागत निर्णय

५.व्यावसायिक परियोजना

६.प्रतिवध्दता पत्र

१४ **क.कार्यक्रमको नामः एक पालिका एक कृषि/पशुसेवा प्राविधिक तथा विशेषज्ञ सेवा परामर्श**

**ख.उद्देश्यः**

१.स्थानीय तहमा कृषि/पशुसेवा प्राविधिकको व्यवस्थापनबाट प्राविधिक सेवाको सुनिश्चितता तथा कार्यक्रमको प्रभाबकारिता बृध्दिगर्ने

२.प्रदेशलाई आवश्यकपर्ने बालीवस्तुको विशेषज्ञता सेवाको परिपूर्ति गर्ने

**ग.प्रमुख क्रियाकलापहरूः**

१. करारमा कृषि/पशुसेवा प्राविधिक नियुक्तगर्ने

२. स्थानीय तहसंगको समन्वयमा फिल्डमा परिचालन गर्ने

३. विशेषज्ञता सेवा खरिद

**घ.अनुदान रकम र अधिकतम सीमाः**

| विवरण | अनुदानको रकम र अधिकतम सीमा |
|---|---|
| एक पालिका एक कृषि/पशुसेवा प्राविधिक | १.विज्ञापन गरिएको पद तथा श्रेणी अनुसारको शुरू तलब स्केल वरावरको पारिश्रमिक<br>२.फिल्डमा खटिएको अवस्थामा दैनिक तथा भ्रमण भत्ता<br>३.नियमानुसार सावधिक जीवन विमाको प्रिमियम |
| विशेषज्ञता सेवा | कार्यभार/कार्यदिनको आधारमा वार्ताद्बारा तय गरिने |

**ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**

१.पद अनुसारको न्यूनतम शैक्षिक योग्यता

२.विशेषज्ञता सेवाको हकमा न्यूनतम शैक्षिक योग्यता तथा सम्बन्धित क्षेत्रमा तोकिएको कार्य अनुभव

३.एक पालिका एक कृषि/पशुसेवा प्राविधिकको हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को



कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

डा. गोविन्द प्रसाद शर्मा

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, नेपाल

| | |
|---|---|
| | कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति |
| १५ | **क.कार्यक्रमको नामः स्थानीय तहमा अर्गानिक कृषि उत्पादन प्रोत्साहन** |
| | **ख.उद्देश्यः**<br>अर्गानिक कृषिको उत्पादन, प्रशोधन तथा बजारीकरणको लागि अर्गानिक कृषि उत्पादनको नीति बनाई कार्यान्वयनमा गएका स्थानीय तहलाई प्रोत्साहन गर्ने । |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१. अर्गानिक कृषिका मापदण्डहरूको पालना गरी रासायनिक मल, विषादी र हर्मोनमुक्त अर्गानिक मोडेल कृषि फार्म स्थापना तथा सञ्चालन<br>२. गोठ सुधार तथा पशुपन्छी पालन<br>३. भर्मिकम्पोष्ट, हरियो मल, जैविक मल तथा विषादी लगायतका अर्गानिक प्रविधि प्रसार<br>५. संस्थागत विकास |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>१. अधिकतम सीमा रू एक करोड प्रति स्थानीय तह<br>२. प्रस्तावको आधारमा सम्बन्धित स्थानीय तहले कृषि व्यवसायसँग आवद्ध सहकारी, कृषक समुह र कृषि उद्यमी/कृषि फार्म/कम्पनीलाई लागत अनुमानको आधारमा बढीमा क्रमशः ७०%, ६०% र ५०% अनुदान रकम प्रदान गर्नुपर्नेछ । |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१.कृषितथापशुपन्छीजन्यऔजारउपकरणअनुदान |
| १६ | **क.कार्यक्रमको नामः श्रोतमा (प्रांगारिक मल, जैविक विषादी, विउ, वेर्ना, नश्ल, माछा भुरा आदि) अनुदान कार्यक्रम** |
| | **ख.उद्देश्यः**<br>प्रांगारिक मल, जैविक विषादी, विउ, वेर्ना, नश्ल, माछा भुरा आदिमा अनुदान प्रदानगरी गुणस्तरीय उत्पादन सामग्रीको प्रयोग गरी उत्पादन र उत्पादकत्व बढाउने |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.प्रांगारिक मल, जैविक विषादी, विउ, वेर्ना, नश्ल, माछा भुरा आदि |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>जैविक विषादी र प्रांगारिक मलमा २५ प्रतिशत र अन्यश्रोत (विउ, वेर्ना, नश्ल, माछा भुरा) मा १५ प्रतिशत |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१.श्रोतकेन्द्रहरू सम्बन्धित कार्यालयमा सूचिकृत भएको हुनुपर्ने<br>२.प्रांगारिक मल र जैविक विषादीको हकमा आन्तरिक श्रोतबाट आपूर्ति हुन सकेको |

| | |
|---|---|
| | अवस्थामा प्रदेश बाहिरबाट समेत आपूर्ति गर्न सकिने<br>३.प्रांगारिक मलमा तोकिएको गुणस्तर ( चिस्यान र खाद्यतत्वको मात्रा) भएको प्रयोगशाला परीक्षण प्रतिवेदन<br>४.बिउ, वेर्ना, नश्ल र माछा भुराको हकमा न्यूनतम गुणस्तर भएको |
| १७ | **क.कार्यक्रमको नामः श्रोतकेन्द्र स्थापना तथा सुदृढीकरण (वाली, फलफुल, नर्सरी, च्याउ, पशुपन्छी, मत्स्य लगायत)** |
| | **ख.उद्देश्यः**<br>१.खाद्यान्न, तरकारी, तरकारी विउ, फलफूल, आलङ्कारिक फूल, मसला, नगदेवाली, मौरी, च्याउ आदिको गुणस्तरीय घार, गोला, विउ, वेर्ना उत्पादन तथा आपूर्ती सहजीकरण गर्ने<br>२.घरायसी तथा व्यावसायिक पशुपन्छीपालनको लागि चाहिने गुणस्तरीय नश्ल, चल्ला, प्यारेण्टस्टक, माछा भुरा, आदि उत्पादन तथा आपूर्ती सहजीकरण गर्ने<br>३.प्रदेशभित्र कृषि उत्पादनका लागि आबश्यकपर्ने श्रोतमा आत्मनिर्भर हुने |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.खाद्यान्न, तरकारी, तरकारी विउ, फलफूल, मसला, नगदेवाली, च्याउ, मौरी आदिको श्रोत केन्द्र विकास तथा सुदृढीकरण<br>२.भैंसी, गाई, चौरी, भेंडा/बाख्रा/च्याग्रा, रेन्वो ट्राउट माछा, वंगुर, कुखुराको श्रोत केन्द्र विकास तथा सुदृढीकरण<br>३.पूर्वाधार निर्माण<br>४.मेशिनरी औजार तथा उपकरण<br>५.रजिष्ट्रेशन कार्य सहजीकरण तथा क्षमता अभिबृध्दि<br>६.विउ, वेर्ना, च्याउ स्पन, मौरी घार र गोला, पशु नश्ल, चल्ला, प्यारेण्टस्टक, माछा भुरा, आदि वितरण<br>७.वालीवस्तुको स्वास्थ्य, संरक्षण तथा सुरक्षा सम्बन्धि क्रियाकलाप<br>८.कार्यक्रम सञ्चालन साझेदारी मोडेलमा ( PPP/PCP/PPCP/पूर्वाधार सरकारले बनाएर लिजमा दिने/सरकार आँफैले सञ्चालनगर्ने/सामुदायिक) |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>१. व्यवसायिक योजनाको आधारमा अधिकतम रू एक करोड सम्म |

| सि नं | विवरण | निजी | सामुदायिक सहकारी |
|---|---|---|---|
| १ | खाद्यान्न, तरकारी, मसलावाली, नगदेवाली, दलहनवाली, च्याउ विउ उत्पादन | ५० | ७० |



कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

डा. गोविन्द प्रसाद शर्मा

| | | | | |
|---|---|---|---|---|
| | २ | मौरी घार र गोला | ५० | ७० |
| | ३ | फलफूल विरूवा | ५० | ७० |
| | ४ | तरकारी नर्सरी | ५० | ७० |
| | ५ | फलफूल नर्सरी/आलङ्कारिक फूल | ५० | ७० |
| | ६ | प्रजननको लागि नश्लः भेंडा/बाख्रा/च्याङ्ग्रा/थुमा/बोका, भैंसी/राँगा, गाई/सांढे,चौंरीगाई/ याक, रेन्वो ट्राउट माछा, वंगुर, कुखुरा/भाले | ५० | ७० |
| | ७ | पूर्वाधार निर्माण | ५० | ७० |
| | ८ | घेरावार/जैविक वार/तारवार | २५ | ५० |
| | ९ | मेशिनरी औजार तथा उपकरण | ५० | ७० |
| | १० | क्षमता अभिबृध्दि | २५ | ५० |
| | ११ | आयातित विरूवाको जात र पशुपन्छीको व्रिड | ७५ | ८५ |
| | १२ | वालीवस्तुको स्वास्थ्य, संरक्षण तथा सुरक्षा सम्बन्धि क्रियाकलाप | ५० | ७० |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१.दर्ता प्रमाणपत्र<br>२.रेकर्ड प्रणाली लागु गरिएको ( बिउ,वेर्ना, विरूवा, स्पन, गोला, नश्लको जातीय गुण, विक्रि वितरण, स्टक आदि)<br>३.मन्त्रालयले परिभाषित गरेको जातीय गुणको बिउ,वेर्ना, विरूवा, स्पन, गोला नश्ल हुनुपर्ने<br>४.श्रोतकेन्द्रको न्यूनतम मापदण्ड पूरा गरेको<br>५.उत्पादित श्रोतको मूल्य निर्धारणगर्दा तोकिएको अवधीसम्म कम से कम सरकारी दर रेटमा उपलव्ध गराउने प्रतिबध्दता<br>६. सरकारी लगानीको सम्बन्धमा कर्णाली प्रदेश सरकारको साझेदारी कानून बमोजिम हुनेछ | | | |
| १८ | **क.कार्यक्रमको नामः स्थानीय कुखुरा विकास कार्यक्रम (सामुदायिक)** | | | |
| | **ख.उद्देश्यः**<br>१.स्थानीय कुखुरा प्रवर्द्धन तथा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।<br>२. खाद्य पोषण सुरक्षाको लागी स्थानीय कुखुराको विकास गर्ने र व्यवसायीकरण गरी आय आर्जन श्रोतको रुपमा स्थापना गर्ने ।<br>३. अण्डा तथा मासु आत्मनिर्भर कार्यक्रमलाई टेवा पुर्याउने । | | | |
| | **ग.प्रमुख क्रियाकलापहरूः** | | | |



डा. गोविन्द प्रसाद शर्मा
सचिव

| | |
|---|---|
| | १. कुखुराको खोर निर्माण सुधार<br>२. स्थानीय जातका कुखुराको चल्ला खरिद<br>३. जैविक सुरक्षा तथा घेरवारका कार्यहरु<br>४. विद्युत र पानीको नियमित आपुर्ति सम्बन्धि कार्यहरु<br>५. दाना व्यवस्थापन आठ हप्ता सम्मको लागि मात्र।<br>६. खोप तथा औषधी<br>७. साधन स्रोत तथा पूर्वाधार भएको स्थानमा आवस्यकता अनुसार मिनी ह्याचिङ्ग मेशिन<br>८. सम्वन्धित निकायको सिफारिसमा आधारभुत कुखुरापालन तालीम |
| | **घ. कार्यक्रम बजेट र अधिकतम सीमाः**<br>१. अधिकतम साझेदारी रकम ७० प्रतिशत । |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१. कार्यक्रममा समूह सहकारीका कम्तीमा १५ जना सदस्य संलग्न हुनु पर्नेछ र प्रत्येक सदस्यले कम्तीमा ५०० भन्दा माथी स्थानीय जातको कुखुरा पालन गर्नु पर्नेछ ।<br>२.सामुदायिक स्थानीय जातको कुखुरा पालन व्यवसाय कम्तीमा ३ वर्ष अनिवार्य गरेको हुनु पर्नेछ ।<br>३.वाह्रै महिना गाडी चल्ने सडक देखी वढीमा ५ किमी आसपास भएको ।<br>४.संबन्धित ठाउँ होटेल, रेष्टुरेण्ट, होमस्टे वाहुल्य भएको ग्रामीण क्षेत्र वा लोकमार्ग/हुलाकी मार्ग वरीपरी रहेको ।<br>५. कार्यक्रममा संलग्न समूह।सहकारीमा आवस्यक भएमा कम्तीमा ५०० अण्डा कोरल्ने क्षमता भएको एकवटा इन्कुवेटर/ह्याचिङ्ग मेशिन समूहले तोकेको व्यक्तिलाइ संचालन गर्न सोको लागि आवश्यक बजेट व्यवस्था मिलाउनु पर्नेछ ।<br>६.कृषक वा उद्यमी स्थानीय कुखुरा पालन गर्न इच्छुक भएको । |
| १९ | **क.कार्यक्रमको नामः कृषि यान्त्रीकरण प्रबर्द्धन कार्यक्रम** |
| | **ख.उद्देश्यः**<br>१.कृषि यन्त्र तथा औजार उपकरणको प्रयोगबाट लागत खर्च कम गरी प्रतिस्पर्धी बनाउने<br>२.मानव श्रममा आधारित कृषिलाई क्रमश यान्त्रीकरणतर्फ रूपान्तरणगर्दै लैजाने । |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.क्रप मनिटरिंग डिभाइस<br>२.ट्रेक्टर, पावर टिलर, मल्टि क्रप थ्रेसर, स्वचालित उपकरणहरू<br>३.एट्याचमेण्टः चारपांग्रे ट्रेक्टरको  एट्याचमेण्ट, रिपर, एरिएटर, राइस ट्रान्सप्लाण्टर, सिडलिंग ट्रान्सप्लाण्टर, जिरो इनर्जी स्टोरेज, ग्राभिटी रोपवे<br>४.मेज प्लाण्टर, कुलिंग च्याम्बर, रिपर, मेज शेलर, मेज डिहस्कर, स्प्रेयर, पावर स्प्रेयर, वुम स्प्रेयर, फर्टिलाइजर ब्रोडकास्टर, सोलार पम्प, सोलार ड्रायर, |



डा. गोविन्द प्रसाद शर्मा
सचिव

प्रमुख सचिव

| | |
|---|---|
| | ५.पशुपन्छी र मत्स्यको लागिः च्याफ कटर, बर्डिजो क्यास्ट्रेटर, मिल्क क्यान, मिल्किंग मेशिन, डिपिंग ट्यांक, काउ म्याट, अन्य उपकरणहरू<br>६.डेरी तथा मासुजन्य अन्य औजार उपकरणहरू |
| | घ.अनुदान रकम र अधिकतम सीमाः<br>ट्रेक्टर र अन्य सवारी साधनमा ३० प्रतिशत, मल्टि क्रप थ्रेसर र ग्राभिटी रोपवेमा ७५ प्रतिशत, पावर टिलर, एट्याच्मेण्ट्स र अन्यमा ५० प्रतिशत |
| | ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः<br>१.व्यावसायिक कृषक, पकेट क्षेत्र र कष्टम हायरिङ्ग सेण्टर स्थापना गर्नेलाई प्राथमिकता<br>२.विमालेख भएकाको हकमा विमा अनिवार्य<br>३.आधिकारिक सप्लायर्सबाट आपूर्ति तथा वारेण्टी भएको हुनुपर्ने |
| २० | क. कार्यक्रमको नामः प्राबिधिकहरुको नेतृत्व तथा समुह/सहकारी / फार्म केन्द्रहरुसँग कार्यगत अनुसन्धान(Action Research)/प्रबिधि प्रदर्शन/बिउ उत्पादन/नमुना प्रदर्शन/अन्वेषण क्रियाकलाप आदि |
| | ख.उद्देश्यः कृषि क्षेत्रमा बिकास गरिएका प्रबिधिहरुको परिक्षण/ नमुना प्रर्दशन/ कार्यगत अनुसन्धान आदि कार्य मार्फत प्रबिधि प्रसारण गर्ने । |
| | ग.प्रमुख क्रियाकलापहरूः<br>३.१.कार्यगत अनुसन्धान (Action Research)<br>३.२.प्रबिधि परिक्षण<br>३.३अन्वेषण कार्य/परियोजना<br>३.४.नमुना प्रदर्शन<br>३.५स्थानिय ज्ञान सिपको परिक्षण |
| | घ.खर्च रकम र अधिकतम सिमाः<br>१.कार्यगत अनुसन्धान ( Action Research)/ प्रबिधि प्रदर्शन/बिउ उत्पादन/नमुना प्रदर्शन/अन्वेषण क्रियाकलापको योजना तथा लागत अनुसार अधिकतम रू ५० लाख |
| | ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः<br>१.कार्यक्रमको अवधारणा, सञ्चालन प्रक्रिया, उपलब्धी लगायतका प्राबिधिक पक्ष अग्रिम रुपमा सम्बन्धित निकायबाट प्रमाणित वा स्वीकृत गरिनुपर्नेछ । |
| २१ | क. कार्यक्रमको नामः कृषि व्यवसायको लागि ब्याज अनुदान |
| | ख.उद्देश्यः<br>१.कृषि तथा पशुपंछी पालन व्यवसायमा कृषकको लगानी अभिप्रेरितगर्दै लगानी जोखिम |



डा. गोविन्द प्रसाद शर्मा
सचिव

| | |
|---|---|
| | न्यूनीकरण गर्ने<br>२.कृषि, पशुपन्छी र मत्स्य पालन व्यवसाय एवं प्रारम्भिक कृषि प्रशोधनको प्रवर्द्धन गर्ने<br>३.कृषि क्षेत्रको अनुदानलाई क्रमश घटाउंदै कृषि ऋणमा कृषकको पहुँच बढाउने |
| | **ग.प्रमुख क्रियाकलापहरू:**<br>१. कृषि कर्जा (कृषि, पशुपन्छी र मत्स्य पालन व्यवसाय एवं प्रारम्भिक कृषि प्रशोधनका लागि मात्र) मा व्याज अनुदान |
| | **घ.अनुदान रकम र अधिकतम सीमा:**<br>१. नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त प्रदेश भित्रका कुनैपनि बैंक तथा वित्तीय संस्था मार्फत प्रवाहहुने कृषि कर्जाको निर्धारित व्याज दरमा मन्त्रालयबाट ७ प्रतिशतसम्म व्याज अनुदान उपलव्ध गराउन सकिनेछ ।<br>२.ऋणको अवधी जती लामो भएपनि रू एक करोड सम्मको कृषि कर्जामा बढीमा पाँच (५) बर्षको अवधि सम्म स्वीकृत बजेटका आधारमा व्याजमा अनुदान उपलव्ध गराउन सकिनेछ<br>३.नेपाल सरकारले उपलव्ध गराउने बाहेकको वीमा शुल्क ऋणीले ब्यहोर्नुपर्नेछ । |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषय:**<br>१ ऋण स्वीकृती प्रकृयामा जिल्लाको सम्बन्धित कार्यालयको सिफारिस अनिवार्य हुनेछ<br>२.दशलाख रूपैयाँ भन्दा बढीको कर्जाको लागि विस्तृत परियोजना प्रस्ताव<br>३.परियोजनाको अनिवार्य वीमा गर्नुपर्ने<br>४.कर्जा सूचना केन्द्रबाट साख सूचना अनिवार्य<br>५.उपलव्ध गराइने अनुदान बजेट बार्षिक कार्यक्रममा स्वीकृत गराउनुपर्नेछ । दोहोरो अनुदानको व्यवस्था हुनेछैन ।<br>६.आर्थिक मामिला तथा योजना मन्त्रालयको अनिवार्य स्वीकृति तथा सो को आधारमा सम्बन्धित बैंकसंगको समझदारी पत्र ।<br>७.ऋणको स्वीकृति बैंक मार्फत हुनेछ ।<br>८.ऋण प्रवाह गरिएका कृषकहरूको व्याज विवरण सहित बैंकको अनुरोधमा सम्झौता अनुसारको ब्याज भुक्तानी गरिनेछ ।<br>९. अन्य व्यवस्था "व्यवसायिक कृषि तथा पशुपन्छी पालन व्यवसायको लागि व्याज अनुदान कार्यक्रम कार्यविधि, २०७६" अनुरूप हुनेछ । |
| २२ | **क.कार्यक्रमको नाम: एकीकृत अर्गानिक कृषि मोडेल फार्म प्रदर्शनी तथा अनफार्म अनुसन्धान प्लट स्थापना तथा सञ्चालन** |
| | **ख.उद्देश्य:** |

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

डा. गोविन्द प्रसाद शर्मा
सचिव

| | |
|---|---|
| | १.कर्णाली प्रदेशमा मोडेल फार्म मार्फत उपयुक्त प्रविधि विकास तथा विस्तार गर्ने<br>२.आवश्यकतामा आधारित व्यावहारिक अनुसन्धानकार्य सञ्चालनगरी सो को नतिजा प्रवाह (Outcome Dissemination) गर्ने<br>३.अनुसन्धान, अवलोकन र सिकाई एवं श्रोतकेन्द्रको रूपमा विकास गर्ने |
| | **ग.प्रमुख क्रियाकलापहरू:**<br>१.अर्गानिक कृषि तथा एकीकृत कृषि सम्बन्धी पाठ्यक्रम निर्माण र अध्यापन<br>२.अर्गानिक कृषिमा आधारित तालिम तथा प्रदर्शन कार्यक्रम<br>३.एकीकृत कृषि तथा पशुपंछी पालन तथा सो सम्बन्धी संरचना निर्माण तथा प्रयोगशाला सुदृढीकरण<br>४.भर्मिकम्पोष्ट, जैविक मल, वानस्पतिक विषादी उत्पादन तथा परीक्षण कार्यक्रम<br>५.समस्यामा आधारित अनफार्म अनुसन्धान कार्यक्रम तथा सिंचाई व्यवस्थापन<br>६.प्रविधि प्रदर्शन तथा अनुसन्धानमा आधारित नतिजा प्रवाह (Outcome Dissemination) गर्ने (वोटानिकल गार्डेन, डाइभर्सिटि व्लक)<br>७.कृषि उत्पादन तथा उपकरण व्यवस्थापन |
| | **घ.अनुदान रकम र अधिकतम सीमा:**<br>१.व्यावसायिक योजनाको आधार<br>२.सरकारी तथा सामुदायिक संस्था: कूल लागतको ७० प्रतिशत वा अधिकतम रकम रू १५ लाख<br>३.प्राइभेट संस्था: कूल लागतको ५० प्रतिशत वा अधिकतम रकम रू १५ लाख |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषय:**<br>१.कृषि र पशुपालन विषय अध्यापन गराउनका लागि प्राप्त अनुमतिपत्र<br>२.विश्वविद्यालय/कलेज/विद्यालयको कार्यक्रम सञ्चालन गर्ने संस्थागत निर्णय<br>३.जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्र वा करारमा लिइने जग्गाको करारनामापत्र<br>४.कार्ययोजना सहितको व्यावसायिक योजना तथा अनुसन्धानको पुष्ट्याई<br>५.प्रस्तावको गुणस्तर, आवेदकको योग्यता, आर्थिक साझेदारी, अनुभव र पूर्वाधार विकास लगायतका आधारमा तोकिएको समितिले मूल्याङ्कन गर्ने |
| ग | कृषि व्यवसाय तथा कृषि उद्योग प्रवर्द्धन लक्षित कार्यक्रमहरु |
| २३ | **क.कार्यक्रमको नाम: व्यवसायिक तरकारी खेती ठूला ग्रीननेट हाउसमा सहुलियत कार्यक्रम** |
| | **ख.उद्देश्य:**<br>• कृषिको आधुनिकीकरण, व्यवसायिकरण र प्रतिस्पर्धात्मक क्षमतामा विकास गरि |

कर्णाली प्रदेश सरकार<br>भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय<br>वीरेन्द्रनगर, सुर्खेत, नेपाल

डा. गोविन्द प्रसाद शर्मा<br>सचिव

| | |
|---|---|
| | तरकारीबालीको उत्पादन र उत्पादकत्व वृद्धि गरि जीविकोपार्जनमा सुधार ल्याउनुका साथै राष्ट्रिय अर्थतन्त्रमा टेवा पूर्याउने ।<br>• तरकारीको बालीमा हुने प्राकृतिक जोखिम न्यूनिकरण गर्ने ।<br>• बाहिर जिल्ला र छिमेकी देशबाट आयात हुने तरकारीको परिमाणालाई प्रतिस्थापन गर्ने । |
| | **ग.प्रमुख क्रियाकलापहरू:**<br>• कम्तिमा ४ रोपनी क्षेत्रफलमा प्लाष्टिक घर सहित ग्रिन नेट निर्माण ।<br>• जग्गाको Clustering गर्ने ।<br>• Drip irrigationSystem जडान गर्ने ।<br>• तरकारी बालीको बीमा गर्ने ।<br>• विरुवा अड्याउनका लागी डोरि र Clipping गर्ने । |
| | **घ. कार्यक्रम बजेट र अधिकतम सीमा:**<br>बुँदा नं "ग" मा उल्लेखित सामाग्रीहरुका लागी समुह/सहकारी भएमा ७०% अनुदान र नीजि फार्म भएमा ५०% अनुदान र अधिकतम रु ५० लाख अनुदान प्रति कार्यक्रम। |
| | **ङ. न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषय:**<br>• ग्रीन नेटयुक्त प्लाष्टिक घर निर्माण भएको हुनु पर्ने ।<br>• आफ्नो जग्गा वा कम्तिमा १० बर्षको लिजमा लिएको जग्गाको विवरण हुनु पर्ने ।<br>• बजारीकरणको अग्रिम सम्झौता भएको हुनु पर्ने ।<br>• संचालक समितिको प्रष्ट ब्यवस्था भएको हुनु पर्ने ।<br>• प्राविधिकरुपले दक्ष कामदारको सुनिश्चित भएको हुनु पर्ने ।<br>• कम्तिमा ४ रोपनी क्षेत्रफलमा प्लाष्टिक घर सहित ग्रीन नेटमा तरकारी खेती गर्नलाई सुनिश्चित हुनु पर्ने । |
| २४ | **क.कार्यक्रमको नाम: कृषिमा आधारित साना उद्योग स्थापना तथा संचालन** |
| | **ख.उद्देश्य:**<br>• कृषिमा आधारीत साना उद्योगको विकास मार्फत उचित मूल्य श्रृखंला विकास गरि दिगो रुपमा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।<br>• स्थानिय रोजगारी सृजना तथा प्रशोधित बस्तुको विक्री वितरणबाट आय आर्जनमा वृद्धि गर्ने ।<br>• गुणस्तरीय वस्तु उत्पादन गरि राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने |
| | **ग.प्रमुख क्रियाकलापहरू:**<br>• उद्योगको स्थापना पश्चात मेसनरीमा सहयोग । |

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

डा. गोविन्द प्रसाद शर्मा
सचिव

कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वीरेन्द्रनगर, नेपाल

| | |
|---|---|
| | • उद्योगको कम्पाउणमा साझेदारीमा घेराबार गर्ने ।<br>• कच्चा तथा प्रशोधित बस्तुहरुको भण्डारणका लागी गोदम घरको निर्माण गर्ने ।<br>• लेबलिङ्ग तथा प्याकेजिङ्गमा ।<br>• कच्चा पदार्थको उत्पादन वृद्धि गर्ने । |
| | **घ. कार्यक्रम बजेट र अधिकतम सीमाः**<br>बुँदा नं "ग" मा उल्लेखित सामाग्रीहरुका लागी समुह/सहकारी भएमा ७०% अनुदान र नीजि फार्म भएमा ५०% अनुदान र अधिकतम रु ५० लाख अनुदान प्रति उद्योग। |
| | **ङ. न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>• उद्योगको घर निर्माण भएको हुनु पर्ने ।<br>• आफ्नो जग्गा वा कम्तिमा ३० बर्षको लिजमा लिएको जग्गाको विवरण हुनु पर्ने ।<br>• बजारीकरणको अग्रिम सम्झौता भएको हुनु पर्ने ।<br>• संचालक समितको प्रष्ट ब्यवस्था भएको हुनु पर्ने ।<br>• प्राविधिकरुपले दक्ष कामदारको सुनिश्चित भएको हुनु पर्ने ।<br>• कम्तिमा ५ रोपनी क्षेत्रफलमा उद्योग स्थापनाका लागी जग्गाको सुनिश्चित हुनु पर्ने |
| २५ | **क.कार्यक्रमको नामः नविनतम प्रविधिमा आधारित कृषि बाली वस्तुको प्रवर्द्धन कार्यक्रम** |
| | **ख.उद्देश्यः**<br>• नविनतम प्रविधिमा आधारित बाली वस्तुहरुको उत्पादन तथा विक्रि वितरण गरि बाहिर देशबाट आयात हुने फलफूल तथा तरकारी बालीको आयातलाई प्रतिस्थापन गर्ने ।<br>• गुणस्तरीय वस्तु उत्पादन गरि राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने ।<br>• नयाँ नयाँ बाली वस्तुहरुको उत्पादनबाट कृषक घर परिवारमा बढी भन्दा बढी आय आर्जन सृजना गरि Per Capita Income बढाउने । |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>• नविनतम प्रविधिको विकासका लागी वातानुकुलित प्लाष्टिक घर निर्माण गर्ने ।<br>• वीउ तथा बेर्नाको खरिद ब्यवस्थापन ।<br>• सिंचाई प्रणालीको विकास ।<br>• जमीनको तयारी  तथा रेखाङ्कन ।<br>• आवश्यक औजार तथा सामाग्रीहरुको व्यवस्थापन ।<br>• थाँक्रो तथा अन्य सपोर्टिङ्ग संरचानको निर्माण ।<br>• मलखाद र विषादी व्यवस्थापन । |

डा. गोविन्द प्रसाद शर्मा
सचिव

प्रमुख सचिव

| | |
|---|---|
| | घ. कार्यक्रम बजेट र अधिकतम सीमाः<br>बुँदा नं "ग" मा उल्लेखित सामाग्रीहरुका लागी समुह/सहकारी भएमा ७०% अनुदान र नीजि फार्म भएमा ५०% अनुदान र अधिकतम रु २५ लाख प्रति कार्यक्रम अनुदान । |
| | ङ. न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः<br>• आफ्नो जग्गा वा कम्तिमा१५ देखि २० बर्षको लिजमा लिएको जग्गाको विवरण हुनु पर्ने ।<br>• बजारीकरणको अग्रिम सम्झौता भएको हुनु पर्ने ।<br>• संचालक समितको प्रष्ट ब्यवस्था भएको हुनु पर्ने ।<br>• प्राविधिकरुपले दक्ष कामदारको सुनिश्चित भएको हुनु पर्ने ।<br>• कम्तिमा १० रोपनी क्षेत्रफलमा नविनतम प्रविधिमा आधारीत बाली वस्तुको प्रवर्द्धनका लागी जग्गाको सुनिश्चितता हुनु पर्ने । |
| २६ | क.कार्यक्रमको नामः रोड कोरिडोर तरकारी बाली प्रवर्द्धन कार्यक्रम |
| | ख.उद्देश्यः<br>• मुख्य तथा सहायक राजमार्ग आसपासमा Cluster मा आधारीत एक ठाउँमा कम्तिमा २० वटा प्लाष्टिक घर निर्माण गरी तरकारी बाली उत्पादनमा वृद्धि गरी आयातलाई प्रतिस्थापन गर्ने ।<br>• गुणस्तरीय वस्तु उत्पादन गरि राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने<br>• बाली सघनता वृद्धिबाट उत्पादकत्व वृद्धि गरि बढी भन्दा बढी आय आर्जन सृजना गर्नुका साथै स्वरोजगारको अवस्था सृजना गर्ने । |
| | ग.प्रमुख क्रियाकलापहरूः<br>• नर्सरी स्थापना तथा ग्रीननेटमा आधारीत प्लाष्टिक घर निर्माण ।<br>• प्राविधिक सेवा ।<br>• तरकारी प्याकेजिङ्गका लागि क्यारेट तथा जालीवाल प्लाष्टीक थैला ब्यवस्थापन ।<br>• कृषक समुह तथा सहकारीका पदाधीकारीहरुलाई क्षमता अभिवृद्धि तालीम कार्यक्रम<br>• थोपा सिंचाई तथा मल बीउ ब्यवस्थापन । |
| | घ. कार्यक्रम बजेट र अधिकतम सीमाः<br>बुँदा नं "ग" मा उल्लेखित सामाग्रीहरुका लागी समुह/सहकारी भएमा ७०% अनुदान र नीजि फार्म भएमा ५०% अनुदान र अधिकतम रु ५० लाख अनुदान प्रति कार्यक्रम। |
| | ङ. न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः<br>• आफ्नो जग्गा वा कम्तिमा १५ बर्षको लिजमा लिएको जग्गाको विवरण हुनु पर्ने । |

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

डा. गोविन्द प्रसाद शर्मा सचिव



नि. प्रमुख सचिव

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश सरकार वीरेन्द्रनगर, नेपाल

| | |
|---|---|
| | • बजारीकरणको अग्रिम सम्झौता भएको हुनु पर्ने ।<br>• संचालक समितको प्रष्ट ब्यवस्था भएको हुनु पर्ने ।<br>• प्राविधिकरुपले दक्ष कामदारको सुनिश्चित भएको हुनु पर्ने ।<br>• कम्तिमा २० रोपनी क्षेत्रफलमा तरकारी खेती |
| २७ | **क. कार्यक्रमको नामःकृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम** |
| | **ख.उद्देश्यः**<br>१.लक्षित समूहलाई कृषि पेशामा आकर्षित गर्ने<br>२.निर्वाहमुखी कृषि लाई साना व्यावसायिक कृषक/उद्यमीकोरूपमा विकास गर्ने |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.कृषि वाली खेती व्यवसाय, पशुपालन र विउ उत्पादन<br>२.कृषि तथा पशुपजन्छीजन्य उपजको बजारीकरण<br>३.प्रारम्भिक कृषि प्रशोधन र मूल्य अभिबृध्दि<br>४.वालीवस्तुको स्वास्थ्य, संरक्षण तथा सुरक्षा सम्बन्धि क्रियाकलाप |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>१. कूल लागत सहभागिताः अधिकतम रू पाँच लाख |
